का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ फागुन २०७८,
आइतबार
13 February 2022,
Sunday


मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ८, पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# स्वार्थले बन्धक

## एमसीसी अनुमोदन गर्ने वा नगर्ने भन्ने मतभेद चर्किरहँदा संघीय संसद भने दलीय स्वार्थका कारण बन्धक बन्दै आएको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
फागुन १, काठमाडौं ।



अमेरिकी सहयोग परियोजना एमसीसीमा दलहरुबीच विवाद बढ्दैं गएपछि प्रतिनिधिसभा लगातार स्थगित हुँदै गएको छ । एमसीसी सदनमा टेबुल गराउने वा नगराउने विषयमा दलहरुबीच सहमति नजुट्दा बैठक बस्नै नसकेको हो ।

बैठक बोलाउन सभामुख अग्नि सापकोटा अनिच्छुक देखिएको प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले आरोप लगाउँदै आएको छ । यद्यपि एमालेले पनि बैठक सार्न सरकारसँग आग्रह गरेको थियो ।

जनताका सरोकारका मुद्दा उठाउनुपर्ने समयमा संसदलाई बन्धक गरिनु गलत भएको भन्दै एमालेका प्रमुख सचेतक विशाल भट्टराईले असन्तुष्टि प्रकट गरेका छन् । “सभामुखको कार्यशैली गलत देखिएको छ, संसद पटकपटक स्थगित गरेर उहाँले संसदलाई बन्धक बनाउन खोज्नुभएको छ । संसद् सञ्चालन गरी प्रमुख प्रतिपक्षी दलका मागहरु पनि सुनुवाई हुनुपर्‍यो” सांसद भट्टराई भन्छन् । आफ्ना माग पूरा नभएसम्म सदनमा विरोध जारी राख्ने उनी बताउँछन् ।


यता, सभामुख सापकोटाको भूमिका पनि सदन रोक्नेतर्फ नै केन्द्रित हो कि भन्ने देखिन्छ । सभामुख सापकोटा एमसीसी टेबुल गरेर पास नगराउने पक्षमा देखिदा सदन सहज रुपमा सञ्चालन नभएको आरोप पनि उत्तिकै लागिरहेका छन् । तर, केही विश्लेषकहरु भने नेपालका राजनीतिक दलको चिन्ता र चासो आमा नागरिकका मुद्दा भन्दा पर रहेको भन्दै चिन्ता प्रकट गर्दछन् ।

“संसद्मा एक चौथाई समेत मत नभएको नेपाली काँग्रेस अमेरिकालाई सकारात्मक सन्देश दिन एमसीसी पास गराउने, अनि प्रमुख प्रतिपक्ष अझै अनिर्णित बस्ने, यसले दलका नेताको स्वार्थ कता लुकेको छ भन्ने पुष्टि हुँदैन र ?”, राजनीतिक विश्लेषक सूर्यराज आचार्य भन्छन् । सदनलाई निर्वाध – बाँकी पृष्ठ २ मा

# फुट नजिक जसपा

## लगातार टुटफुट बेहोर्दै आएको जनता समाजवादी पार्टी (जसपा) फेरि विभाजन हुने खतरा बढेको छ । बाबुराम भट्टराई र उपेन्द्र यादवबीच देखिएको मतभेद चर्किएर गएकाले जसपा फेरि विभाजित हुने संभावना बढेको छ ।





**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २९ माघ ।

लगातार टुटफुट बेहोरिरहेको जनता समाजवादी पार्टी (जसपा) फेरि संकटमा फसेको छ । पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई र उपेन्द्र यादवबीच द्वन्द्व बढेर जाँदा जसपा विभाजनकै नजिक देखिएको छ । भट्टराई र यादवबीच २०७४ को निर्वाचनपछि एकता भएको थियो । २०७२ को संविधान जारी भएपछि माओवादी छोडेर नयाँ दल खोलेका भट्टराईको नयाँ शक्ति पार्टीसँग एकता गरेर समाजवादी पार्टी, नेपाल बनेको थियो ।

त्यसअघि यादव र अशोक राईबीच एकता भएर संघीय समाजवादी फोरम बनेको थियो । मधेशी जनाधिकार फोरमको नेतृत्व गरिरहेका यादव र राईबीच भने २०७० को चुनावपछि एकता भएको थियो । भट्टराई, यादव र राईबीच एकता भएपछि बनेको समाजवादी पार्टी, नेपालको संसदीय संसद्मा १७ सांसद थिए ।

तर २०७७ जेठमा राष्ट्रिय राजनीति पार्टी (राजपा) सँग एकता गरी जसपा बनेको थियो । जसपा पनि ५ पुस २०७७ मा केपी शर्मा ओली नेतृत्वको सरकारले प्रतिनिधिसभा विघटनको निर्णय गरेपछि विभाजित भयो । महन्थ ठाकुर र राजेन्द्र महतो पार्टीमा अल्पमतमा परेपछि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बन्यो । लोसपा बनेपछि पनि जसपाभित्र भट्टराई र यादवबीच विवाद बढेको छ । भट्टराईले अर्को अध्यक्ष राख्नुपर्ने प्रस्ताव गरेका छन् । जसपा हुँदा ठाकुर र यादव अध्यक्ष थिए । त्यसैअनुसार, अर्को अध्यक्षको प्रस्ताव भट्टराईले राखेका छन् ।

तर यादव भने अर्को अध्यक्ष राख्ने पक्षमा छैनन् । त्यही विवाद बढेर जाँदा नेताहरु समेत विभाजित बनेका छन् । यादवसँग असन्तुष्टि महिन्द्र राय यादव, प्रदीप यादव, मोहमद इस्तियाक राई लगायतले भट्टराईलाई साथ दिएका छन् । अशोक राई सहित उनी पक्षीय नेताहरुले मौन देखिएका छन् । भट्ट्राई र यादवबीच विवाद बढ्दै जाँदा अलग-अलग भेला हुने परिस्थिति बनिसकेको छ । “उच्च स्तरको सहमति नजुटे अब पार्टी एक रहने अवस्था देखिन्न”, एक नेता भन्छन् । राजेन्द्र महतोलाई छोडेर जसपामै रहेका मनिष सुमन, महन्थ ठाकुरको सम्मानका लागि जसपामा दुई अध्यक्षको व्यवस्था गरिएको बताउँछन् । तर अब ठाकुर नरहेकाले दुई अध्यक्षको आवश्यकता नरहेको उनी बताउँछन् ।

भट्टराईतिर उभिएका नेता इस्तियाक राई भने अब उपेन्द्र यादवको एकल नेतृत्वमा पार्टी नचल्ने बताउँछन् । उनी तीन अध्यक्षको आवश्यकता – बाँकी पृष्ठ २ मा

# बढ्यो अविश्वास

## एमसीसी अनुमोदन गराउन दबाव बढेपछि प्रमुख राजनीतिक दलहरुबीच अविश्वास बढेर गएको छ । विपक्षी दल नेकपा एमाले मात्रै नभएर सत्ता साझेदार दलका नेताहरुबीच समेत आशंका बढेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ माघ ।



प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा सत्ता साझेदार दलका प्रमुखहरुको बैठक शनिबार पनि बसेको छ । नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालबीच भेटवार्ता भएको हो । देउवा, प्रचण्ड र नेपालबीच लगातार छलफल हुँदै आएको छ ।

गएको १२ माघमा राष्ट्रियसभा निर्वाचन सम्पन्न भएपछि पूर्वप्रधानमन्त्रीहरु प्रचण्ड र नेपालसँग प्रधानमन्त्री देउवाले लगातार भेटवार्ता गरिरहेका छन् । शुरुका केही दिन स्थानीय निर्वाचनबारे सहमति जुटाउन प्रधानमन्त्री देउवाले प्रचण्ड र नेपालसँग भेटवार्ता गरेका थिए । तर २७ माघमा दक्षिण तथा एसिया मामिला अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लूले टेलिफान गरेपछि एमसीसीबारे छलफल केन्द्रीत छ । लूले देउवा, प्रचण्ड र विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई टेलिफोन गरी एमसीसी अनुमोदन नगराए दुई देशबीचको सम्बन्धबारे पुनर्विचार गर्ने चेतावनी दिएका थिए । उक्त टेलिफोन वार्तामा एमसीसी अनुमोदन नहुनुलाई चीनको दबावका रुपमा बुझ्ने समेत लूको भनाइ थियो ।

उक्त टेलिफोन वार्ता पछिका तीन दिन लगातार प्रधानमन्त्री देउवासहित तीन नेताबीच – बाँकी पृष्ठ २ मा

# मलेसियाका लागि दूतावासबाट मागपत्र प्रमाणीकरण शुरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ माघ

मलेसियास्थित नेपाली दूतावासले नेपाली कामदारको मागपत्र प्रमाणीकरण शुरू गरेको बताएको छ । नेपालीको प्रमुख श्रम गन्तव्य मलेसियामा कोरोना भाइरस (कोभिड-१९) को विश्वव्यापी महामारी शुरू भएपछि सन् २०२० को मार्चदेखि नेपाली कामदार जान पाएका थिएनन् । नियन्त्रण गर्न भन्दै मलेसिया सरकारले सन् २०२० को मार्चदेखि विदेशबाट कामदार ल्याउन रोकेको भएपनि नेपाली कामदारको श्रम स्वीकृति त्यसअघि नै रोकिएको थियो ।

मलेसिया सरकारको आवागमन नियन्त्रण आदेशपश्चात मलेसियास्थित नेपाली दूतावासले नेपाली कामदारको मागपत्र प्रमाणीकरण बन्द गरेको थियो । मलेसिया सरकारले प्लानटेशनमा जनवरी २८ र अन्य क्षेत्रमा फेब्रुअरी १४ देखि विदेशी कामदारको एप्रुभल खुलेको बताएको छ ।

यद्यपि नेपाली दूतावासले नयाँ मागप त्र नआएको बताएको छ । मागपत्रसम्बन्धी कागजपत्र प्रमाणीकरणको काम मंगलबार, बुधबार र बिहीबार गरी हप्ताको तीन दिन हुने दूतवासले जनाएको छ । मागपत्रसम्बन्धी कागजात भने सोमबार नै दूतावासमा बुझाउनुपर्ने छ । मागपत्रसम्बन्धी कागजात पेश गर्नुअघि दूतावासले उपलब्ध गराएको अनलाइन फारम भरेर पेश गने समय लिनुपर्नेछ ।

सबै प्रक्रिया पूरा भएमा दश कार्यदिनपछि प्रमाणीकरण गर्ने दूतावासले बताएको छ । प्रमाणीकरण भएका मागपत्र वैदेशिक रोजगार विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा अफलोड गरिने दूतावासले बताएको छ । दुतावासबाट कागजात संकलनका लागि प्रत्येक सोमबार मलेसियाको स्थानीय समय अनुसार २ देखि ४:३० बजेको समय तोकिएको दूतावासले जनाएको छ ।यसैबीच नेपाली दूतावासले विद्युतीय राहदानीको ‘लाइभ इनरोलमेन्ट’ शुरु गरिएको बताएको छ । विभिन्न पेशा व्यवसायको सिलसिलामा – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## संघको विघटित कार्यसमितिले प्राशासनसँग छलफल गर्ने

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको विघटित कार्यसमितिले साधारणसभा गर्ने अनुमति नदिने कारण सम्बन्धमा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा छलफलको प्रयास गरेको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंले माघ २७ गते पटक-पटक समय थप गर्दा पनि साधारणसभा र नयाँ कार्यसमितिको निर्वाचन गराउन नसकेको भन्दै संघको वर्तमान तदर्थ कर्यासमिति विघटन गरेको थियो ।

शुक्रबार संघका निवर्तमान द्वितीय उपाध्यक्ष कमलदेव मल्ल र सचिव मेघनाथ भुर्तेलले जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारी गोविन्द प्रसाद रिजाललाई भेटेर आफ्नो भनाइ राख्ने प्रयास भएपनि रिजाललाई कार्यालयमा भेट गर्न नपाएपछि आइतबार भेट्ने भनी फर्किएको छ ।

भुर्तेलले भने, ‘कोरोनाले उत्पन्न गरेको जटिल परिस्थिति सामान्य हुनासाथ साधारणसभा र निर्वाचनको मिति तोक्ने योजना बनाइएको अवस्थामा त्यसविपरीत साधारणसभा र निर्वाचन गर्ने अनुमति नदिने निर्णय आउनु अन्यायपूर्ण छ । यस विषयमा प्रमुख – बाँकी पृष्ठ २ मा

**पुरानो मेनपावर कम्पनीमा पार्टनर चाहियो**

१८ बर्ष पुरानो मेनपावर कम्पनीको ५० ％ शेयर लिने र खाडी मुलुकबाट मागपत्र ल्याउन सक्ने साझेदार चाहियो । कम्पनीको मूल्य आपसी सहमतिमा तय गरिने छ ।

सम्पर्कः
९८४८०४५४८१/९८४१४४१७८१

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१ फागुन २०७८, आइतबार
13 February 2022, Sunday

## नेपालको कूटनीतिक सम्बन्ध १७३ देशमा फैलियो



**काठमाडौं/मस**–नेपाल र प्रजातान्त्रिक गणतन्त्र टिमोर-लेस्टेबीच कूटनीतिक सम्बन्ध स्थापना भएको छ । यो सँगै नेपालसँग द्विपक्षीय कूटनीतिक सम्बन्ध भएका देशको सङ्ख्या १७३ पुगेको छ । संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि अमृतबहादुर राई र सोही विश्व संस्थाका लागि उक्त मुलुकका स्थायी प्रतिनिधि कार्लिटो नुनेसले कूटनीतिक सम्बन्ध स्थापना गर्नेसम्बन्धी संयुक्त पत्रमा शुक्रबार हस्ताक्षर गरेका थिए ।

दुवै राजदूतले राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलाई नेपाल र टिमोर-लेस्टेबीच कूटनीतिक सम्बन्ध स्थापना भएको जानकारी गराउने सम्बन्धी संयुक्त पत्रमा पनि शुक्रबार नै हस्ताक्षर गरेका न्यूयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि स्थायी नेपाली नियोगले शनिबार जनाएको छ । त्यस अवसरमा दुवै देशका राजदूतले राष्ट्रिय तथा बुहपक्षीय परिवेशमा विशेषगरी राष्ट्रसङ्घीय मञ्चहरूमा साझा हितका विभिन्न विषयमा द्विपक्षीय सहयोगलाई अझ सुदृढ तुल्याउने विषयमा विचार आदान-प्रदान गरेका थिए । प्रजातान्त्रिक गणतन्त्र टिमोर-लेस्टे दक्षिणपूर्व एशियामा अवस्थित १५ हजार वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको देश हो । तेह्र लाख ७० हजार जनसङ्ख्या भएको उक्त देशले २७ सेप्टेम्बर २००२ मा राष्ट्रसङ्घको १९१औं सदस्यको रूपमा प्रवेश पाएको हो । नेपाल र टिमोर-लेस्टे असंलग्न आन्दोलनका सदस्य हुन् ।

## घट्यो कोरोना संक्रमणदर

**काठमाडौं/मस**–कोरोना भाइरसको संक्रमण घटदै गइरहेको छ । शनिबार ६ हजार ६५४ जनामा कोरोना परीक्षण गर्दा ८३६ जनामा संक्रमण देखिएको छ ।



स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको वुलेटिनमा कुल परीक्षण गरिएकामध्ये १२.६ प्रतिशतमा मात्र संक्रमण देखिएको छ । मन्त्रालयका अनुसार सक्रिय संक्रमितको संख्या २६ हजार १०२ जना रहेका छन् ।

पछिल्लो समय एक हजार ८२६ जना कोरोनाबाट निको भएर घर फर्किएका छन् । योसँगै निको हुनेको संख्या नौ लाख ३४ हजार ६४८ पुगेको छ । निको हुने दर ९६.१ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

### चार जनाको निधन

विगत २४ घण्टामा चार जनाको संक्रमणको कारणले निधन भएको छ । अहिलेसम्म ११ हजार ८८२ जनाको संक्रमणका कारणले निधन भएको छ । यस्तै ५०० भन्दा बढी संक्रमण भएको जिल्ला १३ पुगेको छ । मन्त्रालयका अनुसार मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, काभ्रे, कास्की,बाके, रुपन्देही, र कैलाली रहेका छन् । यस्तै २०० भन्दा बढी संक्रमित भएका १२ जिल्ला रहेका छन् । ति जिल्लामा सिराहा, सप्तरी, पर्सा, बारा, महोत्तरी, सर्लाही, धादिङ, नवलपरासी पूर्व, तनहुँ, पाल्पा, दाङ र र कन्चनपुर रहेका छन् ।

शून्य संक्रमण भएको एक मात्र जिल्ला मनाङ रहेको छ । नेपालमा संक्रमण दर १८.२ प्रतिशत रहेको छ ।

हाल होम आइसोलेसनमा २५ हजार १४१, संस्थागत आइसोलेसनमा १६१ , आइसियुमा २०० र भेन्टिलेटरमा ३४ जनाको उपचार हुँदैछ । विगत २४ घण्टामा शनिबार दुई लाख ८८ हजार ८३७ जनाले खोप लगाएका छन् । यस्तै कोरोना भाइरस विरुद्धको बुस्टर डोज सात लाख १३ हजार ९०५ मात्रा लगाइएको छ ।

## आजबाट निर्वाचनको दैनिक 'प्रेस ब्रिफिङ'

**काठमाडौं/मस**–निर्वाचन आयोगले आसन्न स्थानीय तहको निर्वाचन र आयोगका दैनिक गतिविधिबारे प्रत्येक दिन आमसञ्चार माध्यमलाई जानकारी गराउने भएको छ ।



कान्तिपथस्थित आयोग परिसरको मिडिया सेन्टरबाट फागुन १ गतेदेखि प्रत्येक दिन अपराह्न चार बजे प्रवक्ता- सञ्चारकर्मी भेट कार्यक्रम सञ्चालन हुनेछ । निर्वाचनका सन्दर्भमा आयोगका दैनिक गतिविधि तथा निर्वाचनसँग सम्वन्धीत अन्य विषयमा आमसञ्चार माध्यमलाई सूचना सम्प्रेषण गर्ने उद्देश्यले 'प्रेस मिट' गर्न लागिएको आयोगका प्रवक्ता शालीग्राम शर्माले जानकारी दिए । स्थानीय तहको निर्वाचन यसअघि नै आगामी वैशाख ३० गतेका लागि घोषणा भइसकेको छ । दैनिकरुपमा सञ्चारमाध्यम मार्फत सम्पूर्ण नेपालीलाई निर्वाचन गतिविधि अद्यावधिक गरी निर्वाचन वातावरण बनाउन आयोगलाई सहयोग गर्ने हेतुले प्रवक्ता सञ्चारकर्मी भेटघाट राखिएको उनले बताए । दैनिकरुपमा हुने प्रेस मीटले निर्वाचन सम्बन्धमा आउन सक्ने भ्रमपूर्ण विषयवस्तुलाई चिर्न समेत सहयोग पुग्नेछ ।

दैनिक प्रेस ब्रिफिङबाट समयको सही उपयोगका साथै सूचना प्राप्त गर्ने विषयमा हुन सक्ने अलमल अन्त्य हुने आयोगले विश्वास लिएको छ । निर्वाचनसँग सम्वन्धीत सबै समाचार र सूचना तोकिएको समयमा एकै स्थानबाट सहजरुपमा उपलब्ध हुने जनाउँदै आयोगले दैनिकरुपमा हुने प्रेस मिटमा उपस्थितिका लागि सवै सञ्चार गृह र सञ्चारकर्मीलाई आग्रह गरेको छ । आयोगले प्रेस मिट सम्बन्धी सूचना वेभ साइटमा राख्नेछ ।

## टोखामा 'मेयर दीर्घायु कार्यक्रम' पुनः सञ्चालन हुने

**काठमाडौं/मस**– काठमाडौं टोखा नगरपालिकामा कोरोनाका कारण स्थगन भएको 'मेयर दीर्घायु कार्यक्रम' पुनः सञ्चालन हुने भएको छ । काठमाडौंको उत्तरी क्षेत्रमा रहेको टोखाका जनतालाई स्वस्थ राख्ने उद्देश्यका साथ टोखा चण्डेश्वरी प्रादेशिक केन्द्र (प्रस्तावित प्रदेश अस्पताल)मा सुरु गरिएको सो कार्यक्रम यही माघ ११ देखि कोरोनाका कारण स्थगन भएको थियो ।




'म स्वस्थ, मेरो टोखा नगर स्वस्थ' भन्ने मूल नाराका साथ सुरु भएको उक्त कार्यक्रम फागुन १ देखि पुनः सुरुआत गर्न लागिएको नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले जानकारी दिए । टोखाले नगरवासीलाई स्वस्थ्य राख्ने उद्देश्यले मङ्सिर २८ गतेदेखि उक्त कार्यक्रम सुरु गरेको थियो ।

टोखाले मेयर दीर्घायु कार्यक्रम पुनः सञ्चालन भएसँगै वडामा नाम दर्ता गराउन नगरवासीलाई अनुरोधसमेत गरेको छ । टोखाले नगरपालिकाभित्र रहेका अशक्त ५० वर्षमाथिका अपाङ्गता भएका, घाइते, द्वन्द्वपीडित, असहाय, लोपोन्मुख, अतिविपन्न, महिला तथा अल्पसङ्ख्यक समुदायलाई लक्ष्य गरेर उक्त कार्यक्रम सञ्चालन गरेको थियो । नगरपालिकाले मेयर दीर्घायु कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक नीति तथा कानुन निर्माण गर्नका साथै रु ३० लाख बजेटसमेत विनियोजन गरेर कार्यक्रम सञ्चालन गरेको थियो ।

## वन्यजन्तुमैत्री पूर्वाधार निर्माण कार्यविधि स्वीकृत हुँदै

**महेन्द्रनगर/मस**– वन तथा वातावरणमन्त्री रामसहाय प्रसाद यादवले वन्यजन्तुमैत्री पूर्वाधार निर्माण गर्न कार्यविधि तयार भई स्वीकृतिको चरणमा रहेको बताएका छन् ।




शनिबार कञ्चनपुरको महेन्द्रनगर स्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा आयोजित शुक्लाफाँटा, जोगबुढा र लालझाँडी कम्प्लेक्समा बाघ गणनाको उद्घाटन समारोहमा मन्त्री यादवले बाघ पाइने संरक्षित क्षेत्र र जैविक मार्गमा बन्ने संरचना वन्यजन्तुमैत्री पूर्वाधार निर्माण गरेर वन्यजन्तु संरक्षणलाई विशेष प्राथमिकतामा राख्न लागिएको जानकारी दिए ।

उनले मुलुकमा बाघ पाइने निकुञ्ज तथा वनलाई तीनवटा कम्प्लेक्समा विभाजन गरेर गत मङ्सिर १९ गते चितवनबाट गणना थालिएको बताए । मुलुकको पर्यटन वन्यजन्तु पर्यटनमा केन्द्रित रहेको हुँदा आगामी दिनमा बाघको बासस्थानको गुणस्तरमा सुधार, निकुञ्ज बाहिर रहेका बाघको बासस्थान अतिक्रमणबाट जोगाउनेमा जोड दिइएको बताए ।

बाघ, गैंडा, हात्तीलगायतका महत्वपूर्ण वन्यजन्तुको विचरण तथा आनाबानीमा असर नपर्ने गरी पर्यटकीय गतिविधि सञ्चालन गर्ने र सरोकारवालबीच समन्वयलाई प्रभावकारी बनाइने बताए । सन् २०२२ मा बाघको सङ्ख्या दोब्बर बनाउने लक्ष्य यस सर्वेक्षणले यकिन गर्ने बताए ।

'मानव र बाघबीचको सदयौँदेखि अन्तरसम्बन्ध रहँदै आएको छ', मन्त्री यादवले भने, 'बाघको सांस्कृतिक महत्वसमेत छ ।' प्रकृतिको बरदानका रूपमा रहेको बाघ मानवीय क्रियाकलापबाट लोप हुने अवस्थामा पुगेको उनको भनाइ थियो ।

'बासस्थान मासिनु, आहारा प्रजातिको कमी र चोरी शिकारी बाघ संरक्षणका मुख्य चुनौती हुन्', उनले भने, 'बाघको बासस्थानमा भौतिक संरचना निर्माणकार्यले थप चुनौती थपिएको छ ।' बाघ संरक्षण कार्ययोजना तयार गरी बाघ संरक्षण एकीकृत एवं व्यवस्थित गरिँदै लगेको मन्त्री यादवको भनाइ थियो ।

पर्यापयर्टनसित प्रत्यक्षरूपमा जोडिएको बाघको संरक्षण गरी यसबाट पाउने लाभलाई धेरैभन्दा धेरै समुदायमा पुऱ्याउने गरी कार्यक्रम सञ्चालन गर्न मन्त्री यादवले निर्देशन दिए ।

आफू वन मन्त्रालयको कार्यभार सम्हालेपछि वन्यजन्तुको चोरी शिकारी नियन्त्रण, नदीजन्य पदार्थको दोहनमाथि नियमन, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणलगायत वन्यजन्तुको बासस्थान संरक्षण तथा व्यवस्थापनका कार्यमा जोड दिएको बताए ।

त्यसैगरी शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत किशोर कुमार मेहताले बाघ गणना २१ दिनसम्म सञ्चालन हुने बताए । उनका अनुसार गणनामा ५२० वटा स्वचालित क्यामेरा जडान गरिनुका साथै ७० प्राविधिकसहितको कर्मचारी टोली परिचालित हुनेछ ।

शुक्लाफाँटामा १९०, लालझाँडी-ब्रह्मदेव क्षेत्रमा २१४ र डडेल्धुराको जोगबुढा क्षेत्रमा ११६ वटा स्वचालित क्यामेरा जडान हुने प्रमुख संरक्षण अधिकृत मेहताले बताए । राष्ट्रिय बाघ गणनाअन्तर्गत यहाँ हुन लागेको गणना उद्घाटन समारोहमा मन्त्री यादवसँगै वन मन्त्रालयका सचिव डा.प्रेमनारायण कँडेललगायतका व्यक्तिको सहभागिता थियो ।

## पृथ्वीराजमार्ग खण्डमा दुई हजार दुई सय रूख कटान

**तनहुँ/मस**– पृथ्वीराजमार्ग सडक खण्डअन्तर्गत तनहुँको जामुनेदेखि कोत्रेपुलसम्म दुई हजार दुई सय रूख कटान गरिएका छन् । म्याग्दे गाउँपालिकाको जामुनेदेखि जिल्लाको पश्चिम नाका शुक्लागण्डकी नगरपालिकाको कोत्रेसम्म सडकका दायाँबायाँ रहेका रूख कटान गरिएका हुन् ।



पृथ्वीराजमार्गको सडक विस्तार गर्ने क्रममा असर पुऱ्याएका रूख कटान गरेर हटाइएको सुपर भिजन कन्सल्टेन्सका एसिस्टेन्ड रेजिडेन्ट इन्जिनियर मोहन केसीले जानकारी दिए । करिब १२ रूख कटान गर्न बाँकी रहेका बताइएको छ । उनले भने, 'बिजुलीको हाइटेन्सनका कारण उक्त रूख कटान गर्ने कार्य रोकिएको हो ।' पृथ्वीराजमार्गअन्तर्गत कास्कीमा पर्ने सडकको दायाँबायाँका पूरै रूख कटान गर्न बाँकी रहेको जनाइएको छ ।

वन कार्यालयसँग सम्झौता गरिसकिएकाले केही दिनभित्रै कटान कार्यलाई अघि बढाउने तयारी भइरहेको उनले बताए । शुक्लागण्डकीको गाछेपानीदेखि थर्पँबजारसम्म स-साना खाल्डाखुल्डी पुर्ने र नाला सफाइ गर्ने कार्य सम्पन्न भएको छ । त्यसैगरी मर्मतसम्भारअन्तर्गत गाछेपानीदेखि कोत्रेपुलसम्म कालोपत्र गर्ने तयारी भइरहेको उनले जानकारी दिए ।

त्यसैगरी पछिल्लो समय सडको रुट तय गर्ने र समयसमयमा मर्मत गर्नंपर्ने कार्यलाई निरन्तरता दिइँदै आएको उनले जानकारी दिए । जिल्लाको खैरेनीटारदेखि पोखराको सेतीनदीसम्म (ठूला बजार) क्षेत्रमा ४६ मिटर, सडक फिलिङ गर्नंपर्ने क्षेत्रमा २३ मिटर र फराकिलो बनाउन कटिङ गर्न नमिल्ने क्षेत्रमा १८ मिटर सडक कायम गरिएको छ । जामुनेबाट कुम्लेखोला पुलसम्म करिब दश किलोमिटर सडकको डिजाइन गरी ठेकेदारले सुपरभिजन कन्सल्टेन्सलाई बुझाइएको कन्सल्टेन्सका रेजिडेन्ट इन्जिनियर कमल शाक्यले जानकारी दिए ।

## दलित सुकुम्बासीलाई लालपुर्जा

**तम्घास/मस**–गुल्मीको मालिका गाउँपालिका-७ घमिरका विपन्न १२ दलित परिवारले लालपुर्जा पाएका छन् । उनीहरु सडक निर्माणपछि गाउँ नै पहिरोको जोखिममा परेकाले २२ वर्षदेखि सिलादीस्थित सार्वजनिक जग्गामा बस्दै आएका थिए ।

सार्वजनिक वन क्षेत्रमा बसोबास गरिरहेका विपन्न परिवार घर, पानी, बिजुलीलगायतका सुविधाबाट वञ्चित थिए । सार्वजनिक जग्गामा सुकुम्बासीका रुपमा बसोबास गरिरहेका दलित विपन्न परिवारको आधारभूत मानवअधिकार र नागरिक हकबाट वञ्चित भएको विषयलाई लिएर स्थानीय तहको आलोचना भएको थियो । मालिकाले जनप्रतिनिधि निर्वाचित भएकै वर्षबाट सुकुम्बासी व्यवस्थापनको प्रयास गरिरहेको थियो । उनीहरुलाई गाउँपालिकाले डिहीमा जग्गा खरिद गरेर बसोबासको व्यवस्था गरेको गाउँपालिकाका प्रमुख रीतबहादुर थापाले बताए ।

सिलादीको वन नजिकै ५४ वर्षीय जुठे सुनारले ऊर्जाशील २२ वर्ष बिताए । घर चुहिने थियो । उहाँ पिउने पानी र बिजुलीबाट पनि वञ्चित थिए । लालपुर्जाको आशमा थुप्रै पटक नेताको आश्वासन मात्र पाएका थिए । तर अहिले गाउँपालिकाले लालपुर्जा नै वितरण गरेको छ ।

सोही ठाउँकै ७० वर्षीय गोरे सार्कीले लालपुर्जा पाएपछि संसार जितेजस्तै महसुस भएको प्रतिक्रिया दिए ।

### स्वार्थले....

रुपमा सञ्चालन गर्नुको सट्टा दलहरुले आफ्नो एजेण्डा सोझ्याउन बन्दक बनाएको दाबी समेत गरे ।

सर्वोच्च अदालतले दोश्रो पटक संसद पुर्नस्थापना गरी प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन भएदेखि नै संसदमा बाधा, अड्चन आईरहेका छन् । कहिले प्रतिपक्षी दल एमालेले चल्न नदिने त कहिले सत्तारुढ दलकै नेताहरुले विभिन्न स्वार्थमा स्थगित गराउँदै आएपछि सदन दलका विभिन्न स्वार्थको बन्धक बनेको हो ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र माधव कुमार नेपालले संसद बैठक ४ गते राख्न प्रधानमन्त्री देउवालाई प्रस्ताव गरेका छन् । प्रधानमन्त्री शेरबहादुर देउवासँग प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटवार्तापछि उनीहरुले सो २ गतेका लागि बोलाईएको बैठक सार्न अपिल गरेको प्रचण्डको सचिवालयले जनाएको हो ।

बैठकमा प्रमुख विपक्ष नेकपा(एमाले)का कारण प्रतिनिधि सभाको अवरोध हटाउन एकताबद्ध भएर अगाडि बढ्ने विषयमा समेत नेताहरुबीच छलफल भएको जनाइएको छ । गत माघ २६ गते बोलाइएको संसद बैठक विशेष कारण देखाउदैं फागून २ गतेका लागि आवह्वान गरिएको थियो । तर, सत्ता गठबन्धनका नेताहरुको आग्रह पछि बैठक पुन स्थगित हुने सम्भावना बढेको छ । साथै, प्रतिपक्षी एमालेले सदनको अवरोध जारी राख्ने निर्णय गरेको हुँदा बैठक निर्वाध चल्ने सम्भावना भने न्यून छ । दलहरुको स्वार्थ सहितको विविध एजेण्डाले बन्धक बनेको संसदले कहिले निकासा पाउँला त्यो भने हेर्न बाँकी नै छ ।

### फुट....

रहेको बताउँछन् । भट्टराईले खसआर्य, जनजाति र मधेश गरी तीन अध्यक्षको व्यवस्था गर्नुपर्ने अडानमा छन् ।

### बढ्यो...

सम्वाद हुँदै आएको छ । शनिबारको भेटवार्तामा देउवाले एमसीसी संसद्मा पेश गर्न सहयोगको आशा राखेका थिए । तर प्रचण्ड र माधव नेपालले एमसीसी अगाडि बढाउन नसकिने जवाफ दिएका छन् ।

प्रचण्डले एमसीसीलाई स्थानीय चुनावपछि मात्रै अगाडि बढाउन उचित हुने प्रस्ताव अगाडि बढाएका थिए । तर प्रधानमन्त्री देउवा भने तत्कालै एमसीसी संसद्मा पेश गर्ने मूडमा छन् । एमसीसीकै कारण गठबन्धनमा संकटमा देखिन्छ । प्रधानमन्त्री देउवाले एमसीसी अनुमोदन गराउन विपक्षी एमालेसँग मिल्ने चेतावनी दिएकाले पनि त्यो संकेत देखिएको हो । तर शनिबारको सम्वादमा भने प्रधानमन्त्री देउवाले एमसीसी संसद्मा पेश गर्न सहयोग गर्न आग्रह गर्दै गठबन्धन कायम राख्ने बताएका थिए ।

अध्यक्ष नेपालले भने एमसीसीकै कारण स्थानीय चुनाव निर्धारित मितिमा नहुन सक्ने बताएका छन् । सरकारले आगामी ३० वैशाखमा स्थानीय चुनावको घोषणा गरेको छ । सरकारको घोषणापछि निर्वाचन आयोगले चुनावको तयारी समेत अगाडि बढाएको छ । तर एमसीसीकै कारण सत्ता गठबन्धनसँगै राष्ट्रिय राजनीतिक कोर्स बदलिन सक्ने अनुमान गरिन थालेको छ ।

चार वर्ष अगाडि एमसीसीबारे सम्झौता भएको थियो । तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले एमसीसी सम्झौतामा हस्ताक्षर गरेका थिए । तर एमसीसी संसद्बाटै अनुमोदन गराउनुपर्ने प्रस्ताव गरिएपछि यो अमेरिकी सहयोग परियोजना विवादित बनेको छ । दलहरुबीच अविश्वासको बातावरण बनेर गएको छ ।

### मलेसियाका...

मलेसियामा रहेका नेपालीलाई राहदानीसम्बन्धी सेवा दिने उद्देश्यले लाइभ इनरोलमेन्ट शुरु गरिएको दूतावसले जनाएको छ । आफ्नो राहदानीको म्याद कम्तिमा १८ महिनाभन्दा कम हुनेले विद्युतीय राहदानीका लागि आवेदन गर्न पाउने बताइएको छ । वैदेशिक रोजगारीमा रहेका श्यामकुमार चौधरीको राहदानी नवीकरणको लाइभ इनरोलमेन्ट गरेर बुधबारदेखि कार्यक्रमको शुरुवात गरिएको दूतावासले जनाएको छ । मलेसियामा करिब पौने दुई लाख नेपाली कार्यरत छन् ।

### संघको ...

जिल्ला अधिकारीसँग छलफलको योजना थियो, तर उहाँ कार्यालयमा नभएपछि सम्भव भएन, आइतबार भेट्ने योजना छ ।'

शुक्रबार विघटित कार्यसमितिका धेरैजसो पदाधिकारी र सदस्य संघको बत्तिसपुतलीस्थित कार्यालयमा भेला भएका थिए । निवर्तमान कार्यवाहक अध्यक्ष कमल तामाङले भने, 'कांग्रेसले कांग्रेसलाई सिध्याउने खेल भइरहेको छ, त्यसलाई पराजित गर्नुपर्छ भनेर लागिएको छ । हामी छलफलमा छौं ।'


**Province Government**

**Lumbini Province**

**Ministry of Physical Infrastructure Development**

**Road Infrastructure Directorate**

**Road Infrastructure Development Office,**

**Rukum (East), Nepal**

**Notice for Opening of Price Bid**

**Date of Publication: 2078/11/01 (13th February, 2022)**

1) Pursuant of clause 31 (nga), Sub clause 5 of Public Procurement Regulation, 2064 (including amendments), this is to notify all the concerned bidders participated in the bidding of contracts published in Madhyanha National Daily on 2078/09/08 (December 23, 2021). The technical bids of following listed bidders for the contracts are qualified.

2) All the qualified bidders are notified to participate in opening of Price Bids scheduled on 2078/11/08 (February 20, 2022) 13:00 hours at the office of Road Infrastructure Development Office, Rukumkot, Rukum (East).

| S.N | Contract Identification No | Description and Location of Works | Qualified Bidders |
|---|---|---|---|
| 1 | RIDO/RUK/W/NCB/ RUKUMGADHKHOLA/ BRI/04/078-79 Re-notice | Rukumgadh Khola Pre-stressed Bridge along Dhaunne-Deukhola Road, Rukum (East) District | 1. M/S Lama Construction company Pvt. Ltd. Maharajgunj, Kathmandu.<br>2. Rautaha- Yeti Builders Jv, Satdobato-15, Lalitpur.<br>3. Thani –Shree Geeta Jv, Kathmandu. |

**Office Chief (Engineer)**

# संसद्‌बाट एमसिसीका पास गर्नुपर्छः डा.महत



**चितवन/मस**–नेपाली कांग्रेसका प्रवक्ता डा.प्रकाशशरण महतले सहयोग गर्ने देशहरू सबैलाई एउटै दृष्टिकोणबाट हेर्नुपर्ने बताएका छन् । शनिबार चितवनमा पत्रकारहरूसँग कुराकानी गर्दै उनले मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)लाई हेर्ने दृष्टिकोण अन्य देशहरूलाई जस्तै हुनुपर्ने बताए । अन्य देशको सहयोगलाई हेर्ने दृष्टिकोण र एमसिसीलाई हेर्ने दृष्टिकोण फरक बनाउँदा परराष्ट्र सम्बन्धमा असन्तुलन आउने उनको भनाइ छ ।

उनले भने,'देशैपिच्छे अलग मापदण्डका आधारमा सहायता स्वीकार गर्ने हो भने परराष्ट्र सम्बन्ध असन्तुलन हुन्छ र देशलाई खतरा हुन्छ ।' एमसिसीका विषयमा अन्योल खडा नगरी संसद्‌बाट पास गर्नुपर्ने उनको तर्क छ । उनले भने, 'एमसिसीमा अहिलेसम्म सरकारमा सहभागी दलहरूको सहभागिता रहेको छ । नेपालको स्वार्थका आधारमा आएको हो, बखेडा झिक्नु गलत प्रवृत्ति हो ।' नेता महतले सरकारले ल्याएका प्रस्ताव संसद्‌मा टेबुल गराउनु सभामुखको दायित्व रहेको बताए । उनले भने, 'सरकारले ल्याएको प्रस्तावमा सभामुखले म यो संसद्‌मा पेश गर्छु, यो गर्दिनँ भन्ने जिम्मेवारीभित्र पर्दैन ।' संसद्‌मा छलफल भए यस विषयमा निकास निस्कने उनको भनाइ छ ।

फरक प्रसङ्गमा बोल्दै उनले कांग्रेस अधिवेशन रोकिएका १६ जिल्लामा फागुन १३ गते अधिवेशन हुने बताए । पहिला कोभिडका कारण रोकिएका अधिवेशन अब भने तोकिएको मितिमै हुने उनले बताए ।

स्थानीय तहको निर्वाचनमा गठबन्धन हुन्छ कि हुँदैन भन्ने पत्रकारको प्रश्नमा उनले यस विषयमा अहिले बहस गर्ने समय नभएको बताए । 'गठबन्धनका विषयमा समय आएपछि छलफल हुन्छ' उनले भने । दलहरूले आ-आफ्नो आवश्यकतानुसार छलफल गरेर मात्रै गठबन्धनका विषयमा टुङ्गो लाग्ने उनले जानकारी दिए ।

# एनआरएनए कतारले मनायो आदिवासी जनजाति समुदायका राष्ट्रिय पर्वहरू



**प्रवास डायरी**
**तिलु शर्मा पौडेल/मध्यान्ह**

गैर आवासीय नेपाली संघ,राष्ट्रिय समन्वय परिषद् कतारले आदिवासी जनजाति समुदायको राष्ट्रिय चाड पर्वहरू एकमुष्टरूपमा मनाएको छ । संघले माघ्या सकराटी (मिनाम सार ल्हेस), चासोक तङ्नाम, बलिहाङ तङ्नाम, तमु ल्होसार, साकेला उँधौली, मञ्जुश्री सम्वत २८५८, सोनाम ल्होछार, माघी जितिया पर्व, रापावा श्यादर पिदार, येले सम्बत ५०८२, फ्हुगाल पारिम, म्ह पूजा, ल्यापव दुक्षेन, लदी कोसी पूजा, ग्याल्पो ल्होसार,सिरुवा पावुन, नयाँ खुवा, लि:ल. ल्होसारको अवसरमा शुभकामना आदानप्रदान तथा विभिन्न सांस्कृतिक कार्यक्रम सहित सबै आदिवासी जनजातिको पर्वहरु एकिकृतरुपमा मनाएको हो ।

संघका अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानको सभापतित्व तथा नेपाली राजदूतावास कतारका कार्यवाहक राजदूत लक्ष्मण प्रसाद खनालको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा नियोगका अन्य अधिकारीसहित जनजाति महा'संघमा आबद्ध विभिन्न सामुदायिक संस्था तथा कतारमा स्थापित अन्य थुप्रै संस्थाका अध्यक्ष तथा पदाधिकारीको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि खनालले यस्तै सामूहिक कार्यक्रमले सद्भाव र भावनालाई जोड्ने बताए । उनले नेपालमा १२५ थरका जातजाति र १२९ वटा भाषाको अभिलेख रहेको बताउँदै नेपालीहरूमा विविधता रहेको बताए । उनले सन २०२२ को अन्त्यसँगै कतारमा हुने वर्ल्डकप (फुटबल) मा नेपाल र नेपाली समुदायका विभिन्न झाँकीको माग भई आएको जानकारी दिँदै उक्त स्थानमा झाँकी लिएर जान एनआरएनए कतारले नेतृत्वदायी भूमिका निर्वाह गर्न नचुक्ने विश्वास व्यक्त गरेका थिए ।

आफ्नो शुभकामना मन्तव्यका क्रममा एनआरएनए आइसिसीका सचिव आरके शर्माले नेपाल आफैमा धेरै पर्यटकीय सम्भावना बोकेको देश रहेको हुँदा यस्ता किसिमका कार्यक्रमले आत्मीयता तथा भाइचारा बृद्धि सँगसँगै पर्यटनका लागी पनि प्रचार प्रसार हुने बताए । कार्यक्रममा नेपाली दूतावासका तर्फबाट अलदोसरी पार्कका व्यवस्थापकलाई एक कदर पत्रद्वारा सम्मान गरिएको थियो । नेपाली समुदाय प्रति दोसरीले देखाएको सदासयताका लागि उक्त कदर पत्र प्रदान गरिएको हो ।

आदिवासी जनजाति महासंघ कतार तथा महासंघमा आबद्ध चेलीबेटीहरूले आफ्नो समुदायको परम्परा अनुसार आयोजक तथा कार्यक्रमका सभापति, प्रमुख अतिथि र विशिष्ट अतिथिहरूलाई फेटाद्वारा सम्मान गर्दै कोसेली प्रदान गरेका थिए । सामाजिक संघ संस्थाका तर्फबाट टेकराज थापाले शुभकामना मन्तव्य राखेका थिए भने सात वटै प्रदेशको तर्फबाट मधेस प्रदेश समन्वय परिषद्का अध्यक्ष साकिर अलीले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा शेर्पा घेदुङ कतारका अध्यक्ष तेन्जी शेर्पाले आफ्नो समुदायले मनाउने ग्याल्बो ल्होसारको बारेमा प्रष्ट पारेका थिए । कार्यक्रममा शेर्पा समुदायको संस्कार झल्किने गरी शेर्पा सेब्रुक झाँकी प्रस्तुत गरिएको थियो । सुनुवार सेवा समाजद्वारा पनि आफ्नो समुदायको संस्कार झल्कने सा'दर शिल झाँकी प्रस्तुत गरिएको थियो भने झाँकीका बारेमा शाम सुनुवारले प्रष्ट पारेका थिए । समाजका अध्यक्ष शेरबहादुर सुनुवारले कार्यक्रममा शुभकामना मन्तव्य राखेका थिए । झाँकी प्रस्तुत गर्ने क्रममा किरात राई यायोक्खा शाखा कतारले आफ्नो समुदायको साकेला झाँकी प्रस्तुत गरेको थियो भने अध्यक्ष शंकर राईले त्यसको महत्त्वका बारेमा चर्चा गरेका थिए । त्यस्तै मगर सघ शाखा कतारले कौरा तथा चुटका नृत्य सहित झाँकी प्रस्तुत गरेको थियो भने सघका अध्यक्ष विवेक पुलामी मगरले शुभकामना मन्तव्य राखेका थिए ।

थारु कल्याणकारी समाज कतारले मौलिक झाँकी तथा नृत्य प्रस्तुत गरेको थियो । नृत्यका बारेमा श्यामलाल चौधरीले स्पष्ट पार्दै शुभकामना मन्तव्य राखेका थिए । त्यस्तै तमु समाज तथा तमु प्ये ल्हु संघ कतारका तर्फबाट छ्याटू झाँकी प्रस्तुत गरिएको थियो । झाँकीका बारेमा तमु प्ये ल्हु संघका दित्तीय उपाध्यक्ष राम बहादुर गुरुङले प्रष्ट पारेका थिए भने तमु गुरुङ समाजका अध्यक्ष खुसीमान गुरुङले शुभकामना मन्तव्य राखेका थिए । किरात याक्थुङ चुम्लुङले पनि आफ्नो (केलाङ) च्यापदुङ नाच प्रस्तुत गरेको थियो भने चुम्लुङका द्वितीय उपाध्यक्ष योगेन लिम्बुले नृत्यका बारेमा प्रकाश पारेका थिए । अध्यक्ष हर्क खुजुङले शुभकामना मन्तव्य राखेका थिए । त्यस्तै नेपाल प्रवासी तामाङ समाज कतारले पनि आफ्नो झाँकीसहित नृत्य प्रस्तुत गरेको थियो । प्रवासी भुजेल समाजले पनि आफ्नो झाँकी सहित नृत्य प्रस्तुत गरेको थियो । प्रवासी भुजेल समाजका अध्यक्ष विनोद भुजेल, ताजपुरीया समाजका अध्यक्ष ज्ञानेन्द्र ताजपुरीया, घले समाजका अध्यक्ष आयुस घले, नेपाली महिला समाज कतारकी अध्यक्ष सरिता पौडेल भण्डारी, पत्रकार महासंघ कतार शाखाका उपाध्यक्ष दिल श्रेष्ठ, आदिवासी जनजाति महासंघका अध्यक्ष पुरुषोत्तम सुनुवार, संघीय लिम्बुवान कतार की अध्यक्ष रेखा राई, जनप्रगतिशिल मोर्चा कतारका अध्यक्ष रबिन पुन, नेपाली समाजका अध्यक्ष तेज मोक्तान, प्रवासी नेपाली एकता मञ्चका अध्यक्ष रामहरि गैह्रै, जनप्रगतिशिल मञ्च कतारका अध्यक्ष बुद्धि भण्डारी, नेपाली जनसम्पर्क समिति कतारका उपसभापति ठाकुर कुमार परियार, प्रवासी नेपाली मञ्च कतारका अध्यक्ष चानक पोखरेल लगायत विभिन्न वक्ताहरूले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा कतारमा स्थापित विभिन्न कलाकारहरूले आफ्नो सा'गितीक प्रस्तुति दिएका थिए । अमृत लिम्बु, गुना मगर, धर्मराज राई, इन्दिरा राई, अर्जुन तामाङ, गौतम लिम्बु, गोविन गुरुङ, याम सारू मगरलगायतको गायन, राधिका, सोनी र रोशनी, रबिन मगर, सरोज मगर, रेखा मगर, रिता मोटे, लिलु गुरुङ सरन पुन मगर, टिकाराज गुरुङ, रञ्जना गुरुङ, सिला गुरुङ, विष्णु गुरुङ सकूँ श्रेष्ठलगायतले नृत्यमार्फत प्रस्तुति दिएका थिए ।

संघका सचिव तथा कार्यक्रमका संयोजक रबिन पुन मगरको स्वागत मन्तव्य तथा कार्यक्रमको बारेमा जानकारी पछि बिधिवत रूपमा सुरुवात भएको कार्यक्रमको सञ्चालन संघका महासचिव पदम गिरीले गरेका थिए । कार्यक्रमको समापन गर्दै सभापति मुक्तदाले जनजाति महासंघको मातृ संस्थालाई सहकार्य तथा समन्वयका लागी धन्यवाद दिँदै आगामी बर्षहरुमा पनि यसरी नै संयुक्त रूपमा विभिन्न चाडबाड मनाउने प्रतिबद्धता व्यक्त गरेका थिए । उनले एनआरएनए कतार श्रमिकमुखी संस्था भएको हुँदा जुनसुकै समस्यामा पनि संघ पिल्लर बनेर श्रमिकका लागि उभिने बताउँदै कार्यक्रम सफल बनाउन सहयोग पुराउने सबैलाई धन्यवाद ज्ञापन गरेका थिए ।

# खुला रक्तदान कार्यक्रम सम्पन्न

गण्डकी प्रदेश समन्वय परिषद् कतारले यहाँको सरकारी हमाद हस्पिटल अन्तर्गत रहेको ब्लड डोनेसन सेन्टरसँगको सहकार्यमा खुल्ला रक्तदान कार्यक्रम बृहतरूपमा सम्पन्न गरेको छ ।

रगत अभावको कारणले कसैको मृत्यु नहोस् भन्ने उद्देश्यका साथ गण्डकी प्रदेश अन्तर्गत रहेका जिल्ला सस्थाहरुको संयुक्त आयोजनामा उक्त रक्तदान कार्यक्रम सम्पन्न भएको हो ।

परिषद् कतारका अध्यक्ष राकेश श्रेष्ठका अनुसार कुल १२७ जना सहभागी रहेको कार्यक्रममा २७ जना रक्तदाताहरुले रक्तदान गरेको मध्यान्हलाई जानकारी दिए ।

कार्यक्रममा कतारमा स्थापित सामाजिक, वैचारिक, जातीय संघ संस्थाहरू , पत्रकारहरू, बुद्धिजीवी, समाजसेवी, व्यवसायीहरू लगायत नेपालीको उपस्थिति रहेको थियो ।रक्तदाताहरूलाई परिषद्का तर्फबाट कदर पत्रले सम्मान गरिएको थियो भने अस्पतालले परिषदलाई कदर पत्रले सम्मान गरेको महासचिव सन्तोष रेग्मीले जानकारी दिए । शनिबार बिहान ८ बजेबाट शुरु भएको कार्यक्रम अपराह्नसम्म चलेको थियो ।

# नवलपरासीमा सवारी दुर्घटना दुई जना घाईते




**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, २९ माघ

नवलपरासीमा मोटरसाईकल दुर्घटनामा परि दुई जना गम्भीर घाईते भएका छन् । शनिबार प्रतापपुर गाउँपालिका वडा नं. ७ सुर्यपुरास्थित झुलनीपुर त्रिवेणी सडकखण्ड अन्तर्गत दक्षिणबाट उत्तरतर्फ जाँदै गरेको युपी ५६ ए यल १५१४ नम्बरको मोटरसाइकलले विपरित दिशाबाट आउँदै गरेको लु २ प २०५४ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाएको थियो । दुर्घटनामा मोटरसाइकल चालक प्रतापपुर वडा नं.६ बस्ने अन्दाजी ३५ वर्षीय राजेश केवट गम्भीर घाइते भएका छन् ।

गम्भीर घाइते केवटलाई उपचारको लागी मेडिकल कलेज भैरहवा पठाइएको प्रहरीले जनाएको छ ।

यसैगरि अर्को मोटरसाइकल चालक नाम वतन नखुलेको व्यक्ति गम्भीर घाइते भई उपचारको लागि शहीद स्मृति सामुदायिक अस्पताल चौपत्ता पठाइएको जिल्ला प्रहरी कार्यालय नवलपरासीले जनाएको छ । दुबै मोटरसाइकल प्रहरीको नियन्त्रणमा रहेको छ ।

# कमजोर आर्थिक अवस्था भएका नागरिकले पाउँदैनन् उपचार

**टेक बहादुर साउद/मध्यान्ह**
डोटी, २९ माघ



डोटीको दिपायल सिलगढी नगरपालिका वडा नं. ९ कलेनाकी २३ वर्षीया बसन्ती आउजीले कमजोर आर्थिक अवस्था भएका कारण उपचार गर्न पाएकी छैनन् । जन्मँदै टाउको ठुलो भएर जन्मेकी वषन्तीको खुट्टाले पनि काम गर्दैन । जसले गर्दा हिँडडुल गर्न नसक्ने भएकी छिन् । आर्थिक अवस्था कमजोर भएकै कारण उपचार नपाएर कष्टपूर्ण जिवन विताउन बाध्य भएकी छन्, उनी ।

जन्मिँदा नै अपाङ्ग जन्मेकी बषन्तीको उपचारका लागि घरेलु तथा सिविरमा उपचार गर्दा पनि सन्चो नभएको र थप उपचारका लागि बाहिर लान नसकेको उनका बुवा नरी आउजीले मध्यान्हलाई बताए । बोल्न सक्ने उनी टाउको ठुलो, खुट्टा नचल्ने भएकाले घरमा बाहिर भित्र गर्नसमेत समस्या रहेको उनकी आमा कुन्ति आउजीले बताइन् ।

आर्थिक अभावकै कारण बिरामी छोरीलाई अस्पतालमा भर्ना नगरेर एउटा कोठामा राखिएको उनका बुवा आउजीले बताए । आर्थिक सहयोग प्राप्त भए छोरीको उपचार गर्ने चाहना धेरै भएपनि त्यो सपना पूरा गर्न कठिन भएको उनले गुनासो पोखे । अहिले ती युवती अर्काको सहारामा बसेकी छन् ।

जनताको स्वास्थ्य सुरक्षा गर्नु सरकारको प्रमुख दायित्व भए पनि बषन्ती जस्ता कयौं व्यक्तिहरु आर्थिक अवस्था कमजोर भएकै कारण उपचारबाट बञ्चित हुनु परेको छ ।

# गुल्जार–ए–अदबको मासिक गजल गोष्ठी सम्पन्न

**पवन जायसवाल/मध्यान्ह**
नेपालगञ्ज, २९ माघ



बाँकेको गुल्जार-ए- अदबले आयोजना गर्ने मासिक गजल गोष्ठी नेपालगञ्जमा शनिबार सम्पन्न भएको छ । नेपालगञ्जको गुल्जार-ए- अदब बाँकेद्वारा मासिक गजल गोष्ठी हरेक महिनाको अन्तिम शनिबारका दिन गर्दै आएको छ ।

नेपालगञ्ज उप-महानगर पालिका वडा नं.-८ स्थित महेन्द्र पुस्तकालयको सभाहलमा शनिबार भएको गोष्ठीमा उर्दू साहित्यकारहरुले गजल वाचन गरेका थिए ।

सैय्यद असफाक रसूल हाशमीको अध्यक्षतामा सम्पन्न भएको गजल गोष्ठी नेपालगञ्जका उर्दू साहित्यकार तथा ईमाम अहमद बिन हम्बल विकास केन्द्रका मौलाना अन्सर नेपालीले गजल कार्यक्रमको सञ्चालन गरेका थिए ।

सो गजल गोष्ठी कार्यक्रममा गुल्जार-ए-अदब बाँकेका अध्यक्ष हाजी अब्दुल लतीफ शौक, अवधी साँस्कृतिक बिकास परिष्दका अध्यक्ष सच्चिदानन्नद चौवे, सैय्यद असफाक रसूल हाशमी, सचिव मोहम्मद मुस्तफा अहसन कुरैशी, मौलाना अन्सर नेपाली, मेराज अहमद (हिमाल), अव्दुल हमीद सिद्दीकी (भोला), इस्माइल अन्सारी, आदिल सर्वर नेपाली, मोहम्मद यूसुफ आरफी, समीर अली शेष लगायतले "मेहबूब की मेंहदी ही दुल्हन को सजाती है, दिलदार के आँगन को घर अपना बनाती है" मिश्रामा साहित्यकारहरुले आ-आफना गजल वाचन गरेको मौलाना अन्सर नेपालीले बताएका छन् ।

# एमसिसी प्रावधान संशोधनको माग

**काठमाडौं/मस**–समाजवादी प्रेस सङ्गठन नेपालले मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) सम्झौतामा रहेका केही प्रावधान संशोधनको माग गरेको छ । सङ्गठनको सचिवालय बैठकले एमसिसीका केही बुँदा संशोधनका लागि दबाब सिर्जना गर्ने निर्णय गरेको हो ।

नेकपा (एकीकृत समाजवादी) का मोर्चा सङ्गठनले राष्ट्रहितको पक्षमा आवश्यक संशोधन गरी संसद्‌बाट अनुमोदनका लागि उचित वातावरण सिर्जना गर्ने उद्देश्यले आगामी फागुन १ गते सबै जिल्ला सदरमुकाममा गर्न लागेको दबाब तथा चेतनामूलक प्रदर्शनमा सो प्रेस सङ्गठनले संस्थापक सदस्य, प्रदेश कमिटी, जिल्ला कमिटीलाई सहयोग गर्न परिपत्र गरेको महासचिव भूपराज खड्काले जानकारी दिए ।

# फागुन ११ गते राप्रपा केन्द्रीय कार्य समितिको बैठक

**काठमाडौं/मस**–राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को आगामी फागुन ११ गते केन्द्रीय कार्यसमितिको बैठक काठमाडौँमा बस्ने भएको छ ।

स्थानीय तहको निर्वाचनमा उमेदवार छनोट, उम्मेदवार उठाउनका लागि नामावली तयार गर्ने मापदण्डकाबारे विशेष छलफल हुने बैठकमा सासामयिक विषयवस्तुमा समीक्षा हुने नेता सुन्दर पाण्डेले जानकारी दिए । जिल्ला कार्यसमिति र स्थानीय तहअन्तर्गत समितिका सिफारिसमा फागुन मसान्तभित्र उम्मेदवार छनोट गर्ने कार्ययोजना छ । पार्टीको नीति, विचार, सिद्धान्त र कार्ययोजनाबारे आम जनतालाई जागरुक गराउन देशव्यापी घरदैलो कार्यक्रम सञ्चालन गर्ने योजना छ । आगामी फागुन महिनालाई प्रशिक्षणको महिनाका रूपमा गतिविधि सञ्चालन गरी पार्टीको सङ्गठन सुदृढीकरण गर्ने भएकाले केन्द्रीय, प्रदेश र जिल्ला तहमा प्रशिक्षण कसरी सञ्चालन गर्ने विषयमा पनि छलफल गरिने छ । देशव्यापीरूपमा राजनीतिक कार्यक्रम सञ्चालन गरी स्थानीय तहको निर्वाचनमा पार्टीका सम्पूर्ण शक्ति परिचालन गर्ने छ । आसन्न स्थानीय तहको निर्वाचनमा पार्टीलाई अत्यधिक सफलता हासिल गर्न महामन्त्री एवं स्थानीय तह निर्वाचन परिचालन समितिका संयोजकत्वमा स्थानीय तह निर्वाचन विशेष कार्ययोजना निर्माणका क्रममा छ । पार्टीले राजसंस्था, हिन्दू राष्ट्रको पुनःस्थापना, सङ्घीयताको खारेजी र सुदृढ स्थानीय तहलगायतका सैद्धान्तिक अवधारणा र कार्यदिशामा समान विचार भएका सङ्गठनसँग एकता तथा सहकार्यका लागि वार्तालाई निरन्तरता दिएको छ भने समावेश भइसकेका र हुने व्यक्ति, समूहलाई उचित जिम्मेवारी दिने छ ।

# हँसिया प्रहार गरी श्रीमतीको हत्या




**पर्वत/मस**-पर्वतको कुश्मा नगरपालिका-४ डम्डारेखोला बस्ने एक व्यक्तिले धारिलो हतियार हँसिया प्रहार गरी श्रीमतीको हत्या गरेका छन् । बागलुङ जिल्ला बागलुङ नगरपालिका-६ घर भई हाल कुश्माबजारस्थित डम्डारेखोला बस्दै आएका ४३ वर्षीय राजु परियारले अन्दाजी ४१ वर्षीया श्रीमती सीताको हत्या गरेका हुन् ।

शुक्रबार बिहान १० बजेको समयमा परियारले श्रीमतीको हत्या गरेको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी नायब उपरीक्षक शिवराज बुढाथोकीले जानकारी दिए । उनका अनुसार मृतक महिलाको शरीरमा निलडामसहित टाउकोमा धारिलो हतियार प्रहार गरेको देखिएको छ । प्रहरीले आरोपित श्रीमान् राजु परियारसहित घटनास्थलबाट खुर्पा (हँसिया) पनि नियन्त्रणमा लिएको छ ।

यसअघि पनि पटक-पटक उनीहरूबीच झगडा हुने र सामुदायिक सेवा केन्द्र र महिला तथा बालबालिका सेवा केन्द्रमा आएर मेलमिलापपश्चात फर्किने गरेका थिए । शुक्रबार बिहान पनि स्वास्थ्य परीक्षणका क्रममा श्रीमान् राजु परियारले मदिरा सेवन गरेको पर्वत अस्पतालको स्वास्थ्य परीक्षण रिपोर्ट उद्धृत गर्दै जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी निरीक्षक प्रदीप पौडेलले बताए ।

मृतकका एक छोरा र एक छोरी छन् । तर दुवै छोराछोरी उनीहरूका साथमा छैनन् । शुक्रबार साँझमात्रै आफन्तले किटानी उजुरी दिएको र आज उनीहरूका आफन्त आएपश्चात् मृतकको शव बुझाउने प्रहरीले जनाएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति: २०७८/११/०१

**एस.एल.एच.आर म्यानपावर प्रा.लि** को मिति २०७८/०७/१५ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने ब्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सोलो एशिया रिक्रुटमेन्ट प्रा.लि. (प्रा. लि. नं.: १७५४५७)**, कायम गर्ने गरी मिति २०७८/०९/१२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

HOSPITALITY TRAINING
Hilton Academy Pvt.Ltd.
A great place for career
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या
Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।
कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker,
Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy,
Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।
नोट:
६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौ
सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484



मध्यान्ह
www.madhyanhadaily.com
१ फागुन २०७८, आइतबार
13 February 2022, Sunday

सम्पादकीय

## विवेकको परीक्षण

दक्षिण तथा मध्य एसिया मामिला अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लूले प्रधानमन्त्री शेरबहादुर देउवा सहित प्रमुख नेताहरूलाई टेलिफोन गरेपछि राजनीति तरंगित बनेको छ । लूले नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री देउवा, प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई बिहीबार टेलिफोन गरेका थिए । अमेरिकी सहयोग परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) बारे अनुमोदन गराउन दबावयुक्त टेलिफोन लूले गरेका थिए । विवादित एमसीसी अनुमोदन नगराए नेपाल–अमेरिका बीचको सम्बन्ध बिग्रने चेतावनी लूले दिएका छन् । उनी त्यतिमा मात्रै रोकिएका छैनन्, एमसीसी अनुमोदन नभए चीनतर्फ नेपाल उभिएको अर्थमा बुझ्ने समेत लूको चेतावनी छ ।

यसअघि पनि एमसीसी अनुमोदन गराउन अमेरिकी दबाव हुने गरेको थियो । विशेषगरी बितेको ६ महिनामा एमसीसीबारे निर्णय लिन नेपाललाई दबाव दिइदै आएको छ । गएको २२ भदौमा एमसीसी मूख्यालयले पत्र लेखेर एमसीसीबारे धारणा मागेको थियो । भयसको भोलिपल्टै एमसीसीकी उपाध्यक्ष फातिमा सुमारले नेपालको चार दिने भ्रमण गरेकी थिइन् । नेपाली नेताहरूलाई भेटेर सुमार फर्किएको एक महिना नबत्दिै बक्तव्य जारी गरेर एमसीसी नेपाली जनताका निम्ति आवश्यक रहेको बताएको थियो । मंसिर १ गते सहायक विदेश मन्त्री लू नेपाल भ्रमणमै आए । त्यसअघि प्रधानमन्त्री देउवा र प्रचण्डले एमसीसी अनुमोदन हुने, तर त्यसका लागि समय आवश्यक रहेको पत्र पठाएका थिए ।

त्यही पत्रका आधारमा २३ माघमा एमसीसीले देउवा र प्रचण्डलाई पत्र लेखेर फेब्रुअरीभित्र अनुमोदनको समय दिएको थियो । लगत्तै २७ माघमा लूले टेलिफोन गरी एमसीसी अनुमोदन नभए सम्बन्ध पुनर्विचारको चेतावनी दिएको छ । यसले शीर्ष नेतृत्व दबावमा परेका छन् । किनकि दलहरूभित्रै एमसीसी विरोधी स्वर बलियो छ भने आमजनमत अनुमोदनको पक्षमा छैनन् । तर अमेरिकी दबावका कारण नेताहरूले राष्ट्रिय राजनीतिमै नयाँ समीकरण विकसित हुनेगरी गतिविधि बढाएका छन् । एमसीसीले कुनै मुलुकको राजनीतिक कोर्स बदलिनेगरी खुलेर दबाव दिने अवस्था सिर्जना हुनुमा नेपालको नेतृत्व समेत दोषी छन् । किनकि नेपालका नेताहरूले सत्ता स्वार्थमा आधारित भएर अडान लिएकै कारण आजको परिस्थिति निर्माण भएको हो । अतः मुलुकको सार्वभौमता र नेपाली जनताको भावनालाई आधार मान्दै नेतृत्वले बुद्धिमतापूर्ण निर्णय लिन जरूरी छ ।

# राष्ट्रवादभित्र एमसीसी

**अरूण पनि यस्तै राष्ट्रवादले गएको थियो । केही भएन । हामीले इतिहासकै लामो लोडसेडिङ्ग भोग्यौं, त्यत्ति हो । खरबौं रूपैयाँ तेल र बिजुली आयातमा खर्च भयो, यत्ति न हो । एमसीसी पनि जानेछ । केही हुने भनेको आएपछि हो ।**

अग्रलेख



● नारायण गाउँले

एमसीसी स्वीकृत नगर्ने हो भने के हुन्छ ? उत्तर सजिलो छ, "एमसीसीको जहाज चढेर हाम्रो देश कब्जा गर्न तैयार भएर बसेको हजारौं संख्याको अमेरिकी सेना घर न घाटको हुनेछ, नेपाल कब्जा गर्ने दशकौंको अमेरिकी योजना हाम्रो एक कदमले भताभुङ्ग हुनेछ, ठूलो खतरामा रहेको हाम्रो राष्ट्रियता जोगिनेछ, उसो त यत्रो ठूलो रणनीति र षड्यन्त्र त्यसै तुहिन किन दिन्थ्यो र, अमेरिकी सेना हाम्रो संसद भवन कब्जा गरेर एमसीसी पास गर्न लगाउने सम्भावना पनि त्यत्तिकै छ !"

यो त भयो हाम्रो उच्च-राष्ट्रवादी तर्क ! खासमा हुनेचाहिँ हामीले अस्वीकार गरेपछि यो फिर्ता हुनेछ र आवेदन गरेर पर्खिरहेका थुप्रै देशमध्ये कुनै एकमा यो जानेछ । हामीले अफगानिस्तानलाई देखाएर एमसीसीको विरोध गर्ने गरेका छौं । मूलतः गैरसैनिक र विकासमार्फत गरिबी निवारणसँग सम्बन्धित यो प्रोजेक्ट अफगानिस्तान जस्ता देशमा त्यसै पनि जान सक्दैन । प्रजातन्त्र, मानवअधिकार, महिला शिक्षा जस्ता पूर्वशर्त नपुग्ने हुनाले कुनै राजनेताले चाहेमा पनि एमसीसीको विधान र बोर्डले स्वीकार गर्दैन ।



झण्डै पचास देश एमसीसीको विकास-प्रोजेक्टसँग जोड़िएका छन् । केही देशमा सेनाले कू गरेका या भ्रष्टाचारको सूचकांकमा निकै खस्किएको अवस्थामा एमसीसी आफैले सम्झौता रद्द गरेको छ भने श्रीलंकाले यसलाई राजनैतिक मुद्दा बनाएर अस्वीकार गरेको छ । अधिकांश देशमा भने सफलतापूर्वक यी प्रोजेक्ट सम्पन्न भएका छन् र पूर्वाधार विकासमा ठूलो राहत पुगेको छ ।

एमसीसीसँग जोडिएका देशमा एमसीसी समाएर कतै पनि अमेरिकी सेना पुगेको छैन । सम्झौतामै स्पष्टसँग गैरसैनिक सहयोग भनिएकाले त्यसको सम्भावना पनि छैन । मङ्गोलियाजस्तो चीनको छिमेकी देशले त दुई पल्ट यो प्रोजेक्ट लिएको छ र पनि उसको वैदेशिक सम्बन्ध र सार्वभौमिकतामा खलल पुगेको छैन । खासमा सैनिक या राजनैतिक सहयोग हासिल गर्ने अधिकांश देश यो प्रोजेक्टका लागि क्वालिफाईड नै हुँदैनन् ।

विद्युत बेचेर धनी बन्ने हाम्रो सपना थियो । सड़क राम्रो भयो भने आर्थिक विकास हुन्छ र गरिबी घट्छ भन्ने हाम्रो बुझाइ थियो । त्यसका लागि भरपर्दो प्रसारण लाइन र बाटो चाहिन्थ्यो । त्यसैका लागि हाम्रा पूर्ववर्ती सरकारले एमसीसीमा निवेदन दिएका थिए । कागजमैं भए पनि भ्रष्टाचार कम भएको, न्यायालय स्वतन्त्र रहेको, आवधिक निर्वाचन र लोकतन्त्र सुदृढ रहेको अनि शिक्षा-स्वास्थ्य जस्ता क्षेत्रमा लैङ्गिक विभेद निर्मूल गर्ने प्रयास गरिरहेको जस्तो प्रगति विवरण देखाएर यो प्रोजेक्ट हात पारिएको थियो ।

हाम्रा सरकारले चार/पाँच वर्षदेखि एमसीसीसँग समय थपिदिन निवेदन, चिठी या अनुरोध गर्दै आएका थिए । सरकारमा हुँदा कसैले पनि पास हुँदैन भनेका थिएनन् । यहाँसम्म कि नेपालमैं आएर एमसीसीको वास्तविकता बुझाइदिन नेपालले गरेको अनुरोध एमसीसीले स्वीकार गरेको थियो । धेरै लामो प्रक्रियापछि छनोट भएको, बजेट छुट्याइसकेको र नेपालले पूर्वकार्य अगाडि बढ़ाई सकेको हुनाले सकेसम्म यो प्रोजेक्ट सम्पन्न होस् भन्ने एमसीसीले चाहनु स्वाभाविक हो । निश्चित बजेट र समय सीमामा सम्पन्न हुनुपर्ने प्रोजेक्ट ढिलाइ हुँदा बारम्बार ताकेता गर्नु पनि सामान्य नै हो । बाटोको स्तरउन्नति र विद्युतको पोल बनाउने अनुदान सम्झौता अस्वीकार गरेपछि बलियो हुने तर, पोल र बाटो बन्दा र देशभित्रै रोजगारी सिर्जना हुँदा चाहिँ कमजोर बन्ने राष्ट्रियता पनि गजबकै पाएका हौं हामीले ! यत्ति पनि बुझ्न नसक्ने मान्छे भयौं हामी कि एमसीसीसँग अलिकति पनि सैन्य गतिविधि गाँसिएको भए चीनले उहिल्यै प्रत्यक्ष विरोध गर्ने थियो । रूसले युक्रेनलाई जस्तै कारबाहीको धम्की दिने थियो ।

> एमसीसीसँग जोडिएका देशमा एमसीसी समाएर कतै पनि अमेरिकी सेना पुगेको छैन । सम्झौतामै स्पष्टसँग गैरसैनिक सहयोग भनिएकाले त्यसको सम्भावना पनि छैन । मङ्गोलियाजस्तो चीनको छिमेकी देशले त दुई पल्ट यो प्रोजेक्ट लिएको छ र पनि उसको वैदेशिक सम्बन्ध र सार्वभौमिकतामा खलल पुगेको छैन । खासमा सैनिक या राजनैतिक सहयोग हासिल गर्ने अधिकांश देश यो प्रोजेक्टका लागि 'क्वालिफाईड' नै हुँदैनन् ।

एउटा प्रोजेक्ट फेल हुँदा पक्कै पनि त्यसका साइड इफेक्ट त हुन्छन् नै । जुनसुकै र जति सुकै सानो कम्पनीले त कुनै प्रोजेक्ट फेल हुँदा किन भयो भन्ने अध्ययन गर्छ भने एमसीसीले त बोर्ड र सरकारलाई जवाफ नै दिनुपर्ने हुँदा अवश्य पनि गर्ला । आजसम्म भएको खर्च पब्लिक मनी भएकाले हाम्रोमा नहोला, त्यहाँ त जबाफदेहिता पनि होला । अमेरिकी सहयोगले हाम्रो राष्ट्रियता खतरामा पर्ने हाम्रो तर्क यसको कारण हो भन्ने त हामी आफैले मानेका छौं । एमसीसीले त्यही मान्ने होला । अहिलेसम्म अमेरिका हाम्रो 'मित्रराष्ट्र'कै कोटिमा छ । तर, अहिले जनस्तर र राजनैतिक रूपमा जुन तर्क र प्रचार छ, त्यसले सम्बन्ध उस्तै रही रहने कुरो पनि नहोला । नेपालले पुनर्विचार गरेर विरोध गरेपछि अमेरिकाले पुनर्विचार गर्छु भन्नु त के अनौठो भयो र ? यो धम्की भन्दा पनि स्वभावतः हुने घटनाको विकास होला । तै पनि यो प्रोजेक्ट अमेरिकी सरकारको प्रत्यक्ष कार्यक्रम नभएकाले दोहोरो सम्बन्ध नै बिग्रिने भन्ने नहोला ।

दुखःद त के छ भने, देशको राजश्व या आम्दानीले तलबभत्ता र ऋणको ब्याज तिर्नसमेत नपुग्ने भएपछि एउटा कुलो बनाउँछु भने पनि माग्ने नै हो । यो राष्ट्रियता भन्ने चीज खतरामुक्त हुने देखिएन । ऋण मागे पनि सजिलो छैन । फेरि ऋण मागेपछि अर्को वर्ष ब्याज र किस्ता तिर्न झन् ठूलो झोली थाप्नै पर्‍यो । दिने त फेरि पनि अमेरिकादेखि बेलायत र जापानजस्ता देशले नै होला । भारत र चीनचाहिँ ठूलो रकम बोल्ने तर, दिने बेला अनेक बहाना गर्ने छिमेकी हुन् । त्यही रकम, त्यही बजेट, त्यही प्रोजेक्ट तिनले पाँच/दश वर्षदेखि हरेक पल्ट दिने भनेर दोहोर्‍याउँछन् । हामी मख्ख पर्छौं । भूकम्पका बेला बोलिएको सहयोगबारे खोज गर्नुस्, कुरो आफै बुझिन्छ । फेरि अर्कोसँग माग्दा माग्नेलाई पनि अलिकति अप्ठेरो त होला नै ।

अरुण पनि यस्तै राष्ट्रवादले गएको थियो । केही भएन । हामीले इतिहासकै लामो लोडसेडिङ्ग भोग्यौं, त्यत्ति हो । खरबौं रुपैयाँ तेल र बिजुली आयातमा खर्च भयो, यत्ति न हो ।  एमसीसी पनि जानेछ । केही हुने भनेको आएपछि हो । पोल बन्ने या कसैको राजनीति गर्ने मुद्दा बन्ने एमसीसी आयो भने न  हो, गयो भने त के हुन्छ र ? केही हुँदैन ! एउटा विज्ञप्ति आउँछ र प्रोजेक्ट जान्छ । सकिन्छ ।

तर, जसले अमेरिकी सेना आउनै लागेको देखेका थिए, बिजुलीको पोलमा तिनले आफ्नो खेतीका लागि अर्को शीर्षक या प्रोजेक्ट खोज्ने कष्ट गर्नुपर्नेछ । यत्ति हो ! दुःख कहिल्यै सिद्धिन्न !

सामाजिक सञ्जाल



- बसन्त घिमिरे

यो तितो सत्य हो, नेपालीहरूलाई विश्वास नगर्ने भारतीहरूलाई भने कागजको आधारमा करौडौं ऋण दिने गर्नछन् बैंकहरू । यसकारण अमित अग्रवाल जस्ता अझै दुई/चार बैंक र म्यानेजर घर न घाटको नबनाई बैकिङ क्षेत्र परिवर्तन हुँदैन ।



- दुर्गा थापा

सभामुखले सरकारले प्रस्तुत गरेको प्रस्ताव संसदमा टेबल गर्दैन भने त्यो प्रतिगामी कदम हो । कुनै पनि प्रस्ताव पास गर्ने/नगर्ने संसदको अधिकारको कुरो हो । कुनै अमुख पार्टी वा ब्यक्तिको निहीत स्वार्थअनुरूप सभामुखले संसदमा प्रस्ताव टेबल गर्दैन भने त्यस्ता सभामुखलाई पदमा बस्ने अधिकार छैन ।



- राधाकृष्ण कटवाल

धन्न अमेरिकाले एमसीसी पास गर्ने हद म्यादको मिति तोकिदिएछ नत्र गठबन्धनलाई स्थानीय चुनाव गराउनु कि एमसीसी पास गराउनु हम्मे पर्ने रहेछ । फेरि यो एमसीसी चाहिँ कस्तो ? चाहिँदैन भन्दा पनि लिनै पर्छ भन्ने । हैन बलात्कारी र एमसीसी उस्तै हुन् कि क्या हो नटेर्ने ?



- प्रशान्त रिजाल

एमसीसी संविधान र कानून सम्मत हुनुपर्छ । नेपाली कामदारको संख्या (८०-९० प्रतिशत) सुनिश्चित गरेको भए परियोजना रोजगार मुलक देखिन्थ्यो । अमेरिकाले आफैं सम्पन्न गर्ने भनेको चाहिँ भ्रष्ट शासक भएका कतिपय मुलुकमा परियोजना न बनाएर हुनसक्छ । हेपाहा प्रवृतिका बुँदाहरूमा संशोधन आवश्यक छ ।



- महेश क्षेत्री

यति धेरै विद्युत आयोजना बन्दैछन्, ती सबै आयोजनासँग प्राधिकरणले खरिद सम्झौता गरेको छ, यदि प्रसारण लाइन गतिलो नहुने भो भने प्राधिकरणको अहिलेको संरचनाले विद्युत प्रसारणको भार थेग्न सक्दैन र उत्पादित विद्युत खेर जान्छ तर, प्राधिकरणले ती आयोजनालाई पैसा तिर्नैपर्ने हुन्छ ।

# अमेरिकाको सुरक्षा रणनीति र एमसीसी

**प्रथम विश्वयुद्ध नामको अन्तर-पुँजीवादी युद्धमा सैनिक एवं जनसाधारणको हत्या भएको तथ्य इण्डो-प्यासिफिक सैन्य रणनीतिअन्तर्गत एमसीसी सम्झौताको सन्दर्भमा हेक्का राख्न अत्यन्त जरूरी छ । दोस्रो विश्वयुद्धमा अमेरिकाले जे रणनीति बोकेको थियो जुन आज पनि त्यो बदलिएको छैन । आज पैदलको सट्टा नाभिकीय युद्ध हुन सक्ने र त्यसले आम विनाश गर्ने पनि त्यत्तिकै सम्भावना छ ।**

विचार



● गोपाल किराती

### विषय प्रारम्भ

सन् १९३८ अघिसम्म कोरिया एक स्वतन्त्र मुलुक थियो । युरोपेली झैं साम्राज्यवाद खडा गर्ने धुनमा जापानले सन् १९३८ मा कोरियामाथि आक्रमण गर्‍यो । अब कोरिया जापानको उपनिवेश बन्न बाध्य भयो । लगत्तै जापानले चीनको मञ्चुरिया पनि कब्जा गर्‍यो । भनिन्छ, जापानले सम्पूर्ण एसिया तथा हिटलर नेतृत्वमा जर्मनले बाँकी विश्व कब्जा गर्ने सहमति गरेका थिए । त्यसरी जापानी सेनाहरु कोरिया, चीन, बर्मा कब्जा गर्दै हाल भारतको नागाल्याण्डसम्म आइपुगेका थिए ।

पहिलो विश्वयुद्धमा जर्मनविरुद्ध भर्साईल सन्धिसम्म मात्र अघि सरेको अमेरिका हतियार उत्पादन गरेर बेच्दै धन कमाउदै थियो । दोस्रो विश्वयुद्धमा भने त्यो महाशक्ति बन्न पुग्यो । जब फ्रान्समाथि कब्जा जमाएर हिटलर सेनाले बेलायतमाथि बम वर्षा गर्न थाल्यो, तब हिटलरविरुद्ध संयुक्त मोर्चाका लागि बेलायति प्रधानमन्त्री चर्चिलले सोभियत राष्ट्रपति स्टालिन समक्ष अनुनय गरे । अब हिटलरविरुद्धको संयुक्त लडाइँमा स्टालिन अग्रसर भए । स्मरणीय के छ भने कोलम्बसले कथित पत्ता लगाएको अमेरिकी महादेशमा मुख्यतः बेलायतको कब्जा थियो । त्यसैले अमेरिकी स्वतन्त्रता संग्राम, खासगरी अमेरिका र बेलायतबीचको लडाइँ थियो । पहिला बेलायतीलाई लखेटेर धपाउने अनि अमेरिकामाथि आफ्नो साम्राज्य कायम गर्ने रणनीतिमा फ्रान्सले अमेरिकी स्वतन्त्रता संग्रामीहरुलाई भारी सहयोग गरेको थियो । यद्यपि, अमेरिकामाथि साम्राज्य कायम गर्ने फ्रान्सेली रणनीति प्रयोग हुन सकेन । जे होस्, यसरी बेलायतविरुद्ध फ्रान्स र अमेरिकाबीच मित्रता बन्न पुगेको थियो ।

### जर्मनको विभाजन

दोस्रो विश्वयुद्धमा हिटलरविरुद्ध चर्चिल-स्टालिनबीच संयुक्त मोर्चाबन्दी हुनुले आफुसहित पुँजीवादी देशहरुको ढाड भाँच्ने खतरा अमेरिकाले ठान्यो । र, नै फ्रान्स मुक्तिका लागि भन्दै अमेरिकाले जोरजुलुम गर्‍यो । अमेरिकी सेना फ्रान्स हुँदै जर्मनीतर्फ अघि बढ्यो ।

जब चर्चिल-स्टालिनबीच संयुक्त मोर्चा घोषणा गरियो, लगत्तै हिटलरले आफ्नो मुख्य फौज सोभियत संघमाथि खन्यायो । परिणाम स्वरुप सोभियत सेनाका सर्वोच्च कमाण्डर जोसेफ स्टालिन अमेरिकीहरु भन्दा अगाडि नै बर्लिन पुगे । पराजय अवश्यमभावी देखेर हिटलरले आत्महत्या गरे । यसरी सोभियत नियन्त्रणको समाजवादी जर्मनी र अमेरिका नियन्त्रणको पुँजीवादी जर्मनीमा त्यो विभाजन हुन पुग्यो ।

यसरी विश्व कब्जा गर्न हिँडेका हिटलरको अवसान भयो । तर, जापानी सेनाको आक्रमण निरन्तर जारी थियो । अमेरिकी सेनाको एक अखडा पर्लहार्बर टापुमाथि जापानी आक्रमणको निहुँमा अमेरिकाले जापानको हिरोसिमा र नागाशाकीमाथि अणु बम नै खसाल्यो । आत्मसमर्पण नगरे टोकियोमाथि पनि अणु बम प्रहार गर्ने धम्कीसहित अमेरिकाले जापानलाई २४ घण्टे चेतावनी प्रसार गर्‍यो । जापान आत्मसमर्पण गर्न बाध्य भयो । सन् १९४५ मा दोस्रो विश्वयुद्ध यसरी सकिएको थियो ।

### जापानको इच्छा

भनिन्छ, हिटलरको अवसानसँगै आफ्नो सम्राटको रक्षा सुनिश्चित भएमा सोभियत संघको नेतृत्वमा समाजवादको बाटो हिंड्न जापान तयार रहेकोबारे जापानले स्टालिनसँग वार्ता पहल बढाएको थियो । त्यो सूचना पाएर नै, सोभियत समाजवादको विश्वव्यापी लहर रोक्न, अमेरिकाले जापानमाथि विनाशकारी आक्रमण गर्‍यो ।

जब आत्मसमर्पण गर्‍यो, जापान अमेरिकाको पुँजीवादी नेतृत्वमा गयो । परिणाम, चीनलगायत सबै तिरबाट सेना फिर्ता गरे पनि अमेरिकी योजनामा कोरियास्थित आफ्नो सेना जापानले यथावत राख्यो । अर्को शब्दमा भन्नु पर्दा कोरियामा विश्वयुद्ध जारी रह्यो । परन्तु, कोरियाली देशभक्तहरुको जनप्रतिरोध युद्व पनि जारी थियो । त्यसैले सन् १९४७ मा कोरियाली श्रमिक पार्टीको नेतृत्वमा जनवादी गणतन्त्र कोरियाको प्रथम राष्ट्रपति किम ईल सुङलाई चुनियो । लगत्तै अमेरिकाले आफ्नो सहयोगी सिकमण्ड रीलाई कोरियाको राष्ट्रपति घोषणा गरिदियो । यसरी कोरियाली युद्व विस्तार हुँदै राज्यको निर्मम विभाजनमा पुग्यो ।

### कोरियाली युद्वका केही तथ्यहरु

सोभियत राष्ट्रपति स्टालिनको सहयोग र समर्थनमा सन् १९५० मा राष्ट्रिय एकीकरणका लागि उत्तरबाट किम ईल सुङ नेतृत्वको जनसेनाले दक्षिणमा चढाई गर्‍यो । जहाँ संयुक्त राष्ट्रसंघ सेनाको नाममा अमेरिकाले अड्डा जमाएर बसेको थियो ।

कोरियाली जनसेनालाई सहयोग गर्न, भर्खरै स्वतन्त्र बनेको चीनले १ लाख ५० हजार जनमुक्ति सेना कोरियातर्फ तत्काल खटायो । कोरियाली युद्वमा उत्तर कोरियाको ९ लाख र चीनियाँ जनमुक्ति सेनाको ६ लाख गरि सेना तथा जनता समेत ३० लाखको वलिदान भयो । कोरियाली युद्वमा अमेरिकाले ६ लाख टन बम खसाल्यो । अणु बम चाहिँ यसकारण प्रहार गरेन कि जुन अणु बम सोभियत संघले पनि उत्पादन गरिसकेको थियो । सुरुमा जापान र त्यसपछि अमेरिकाको कारण सन् १९५३ माकोरिया पनि विभाजनको सिकार बन्यो ।

### अमेरिकाको नीति

प्रथम विश्वयुद्व नामको अन्तर-पुँजीवादी युद्वमा सैनिक एवं जनसाधारणको हत्या भएको तथ्य इण्डो-प्यासिफिक सैन्य रणनीतिअन्तर्गत एमसीसी सम्झौताको सन्दर्भमा हेक्का राख्न अत्यन्त जरुरी छ । दोस्रो विश्वयुद्धमा अमेरिकाले जे रणनीति बोकेको थियो आज पनि त्यो बदलिएको छैन । आज पैदलको सट्टा नाभिकीय युद्व हुन सक्ने प्रष्ट छ र त्यसले आम विनाश गर्ने पनि त्यत्तिकै प्रष्ट छ । तर, यहाँ भन्न खोजिएको अमेरिकाकै कारण नेपाल र नेपालीको जसरी विनाश निम्त्याइँदै छ, प्रतिरोधमा एमसीसी परियोजना खारेज आन्दोलनलाई देशभक्तिपूर्ण जनप्रतिरोध क्रान्तिमा विकसित गर्नु पर्दछ । अमेरिका नभए पनि नेपाल सहजै चल्न सक्छ, तर छिमेकी चीन र भारत बिना किमार्थ चल्दैन ।

# म्यानमार सैनिक सरकारको एक बर्ष, ८ सय बढी कैदी रिहा

**काठमाडौं/एजेन्सी–** म्यानमारको सैनिक (जुन्टा) सरकारले सत्ता सम्हालेको एक बर्ष पूरा भएको छ । सरकारले ८०० भन्दा बढी कैदीबन्दीलाई शनिबार आममाफीको घोषणा गरेको छ। म्यानमारले देशको संघीय स्वतन्त्रता दिवसको उपलक्ष्यमा आममाफीको घोषणा गरेको हो । म्यानमारको निर्वाचित सरकारलाई अपदस्थ गरेको बर्ष दिन पुग्दा सैनिक प्रशासनले राजधानीमा परेडका साथै विशाल प्रदर्शन छ ।

संयुक्त राष्ट्रसंघको मानव अधिकार कार्यालयका अनुसार गत वर्षको सैन्य 'कू' देखि नै म्यानमारमा ठूलो समूहले सरकारविरोधी प्रदर्शन गर्दै आएको छ । देशभर आम विरोध प्रदर्शन र त्यसपछिको सैन्य दमनमा एक हजार ५०० भन्दा बढी नागरिकहरूको ज्यान गएको छ ।

जुन्टा प्रमुख मिन आङ हलिङले ८१४ कैदीहरूका लागि 'माफी आदेश' जारी गर्नुभएको राज्य सञ्चालित सञ्चार माध्यमले



७५ औं संघीय स्वतन्त्रता दिवसका अवसरमा अधिकारीहरूलाई उद्धृत गर्दै उल्लेख गरेका छन् । यस्तै सात विदेशी पनि रिहा भएका छन् ।

जुन्टा प्रवक्ता जाउ मिन टुनले एएफपीसँग भने, 'म्यानमारकी प्रजातान्त्रिक नेतृ आङ सान सुकी र विभिन्न जातीय समूहहरूबीच बेलायती शासनबाट स्वतन्त्र बर्मा संघ गठन गर्ने सम्झौताको सम्झनामा म्यानमारले एक दिन बार्षिक विदा दिने र स्वतन्त्रता दिवस मनाउने गर्दछ ।'

सरकारले स्वतन्त्रता दिवसका एक वर्षभन्दा बढी समयदेखि थुनामा रहेका अर्थशास्त्रका प्राध्यापक निजामती नेता आङ सान सुचीको सल्लाहकारको रूपमा काम गरिरहेका अस्ट्रेलियाली शिक्षाविद् शन टर्नेललाई रिहा गर्नेछ वा थुनामा नै राख्ने छ भन्नेबारे उनले खुलाएनन् । गत फेब्रुअरीमा सैनिक सरकारले उनलाई पदबाट हटाएको केही दिनपछि उनी पक्राउ परेका थिए । उनलाई म्यानमारको आधिकारिक गोप्य कानुन उल्लंघन गरेको अभियोग लगाइएको छ र दोषी प्रमाणित गरिएमा उहाँलाई अधिकतम १४ वर्षको जेल सजाय दिनसक्ने कानुनी प्रावधान छ ।

प्रियजनहरूसँग पुनर्मिलन हुने आशामा शनिबार बिहान याङ्गोनको इनसिन जेलबाहिर लगभग १०० जना मानिसहरू भेला भएका एएफपी संवाददाताहरूले बताएका छन् ।

यसैबीच स्थानीय समयको मध्याह्नतिर चारवटा मिनीबसहरूमा चढी जेलबाट बाहिरिएका थिए । यद्यपि आफन्तसँग पुनः मिलनको सपना लिँदै जेलसम्म पुगेका मानिसहरूको भीडले उनीहरूलाई तत्काल भेट्न भने पाएनन् । आफन्तहरूले नातेदारहरूको नाम रहेको प्लाकार्ड हल्लाउँदा भित्रका मानिसहरूले आफूहरू त्यहाँ रहेको सङ्केतमात्र गरेका देखिएको थियो ।

# युक्रेन छाड्न आफ्ना नागरिकलाई अष्ट्रेलिया र जर्मनीको आग्रह

**काठमाडौं/एजेन्सी–** अष्ट्रेलियाले युक्रेनमा रहेका आफ्ना नागरिकलाई त्यहाँबाट बाहिरिन आग्रह गरेको छ । अष्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनले युक्रेनमाथी रुसले हमला गर्ने खतरा देखिएकाले युक्रेनबाट बाहिरिन आफ्ना नागरिकलाई अनुरोध गरेका हुन् ।

रुसले युक्रेनसँगको सिमा क्षेत्रमा रहस्यमय तरिकाले हजारौं सुरक्षाकर्मी तैनाथ गराएकाले रुसले युक्रेनमा आक्रमण गर्ने तयारी गरेको धेरैको दावी छ । 'युक्रेन र रुसको सीमा क्षेत्रको अवस्था हेर्दा र विभिन्न चर्चा सुन्दा युक्रेनमा बसिरहनु अहिले सुरक्षाको दृष्टीकोणले अत्यन्त खतरा छ, त्यसैले हाम्रा सबै नागरिकलाई युक्रेनबाट बाहिरिन अनुरोध गर्दछौं,' प्रधानमन्त्री मोरिसनले भनेका छन्। उनले युक्रेनमा अशान्ति नहोस भन्ने आफुले चाहेको भएपनि द्वन्द्वको अवस्था सृजना हुने खतरा देखिएको उल्लेख गरेका छन् । युक्रेनमा अहिले सुरक्षाको सुनिश्चितता नरहेको र जुनसुकै बेला जे पनि हुन सक्ने भएकाले त्यहाँ बसिरहनु उपयुक्त नहुने मोरिसनको भनाइ छ । यस्तै युक्रेनमा रहेका र त्यहाँ बस्नुपर्ने आवश्यकता नरहेका आफ्ना नागरिकलाई यूक्रेन छोड्न जर्मनीले शनिबार निर्देशन दिएको छ। तनाव बढ्दै जाँदा 'सैन्य द्वन्द्वलाई रोक्न नसकिने' भन्दै उनीहरूलाई स्वदेश फर्किन आग्रह गरेको हो । विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'यूक्रेनी सीमा नजिकै रूसी सैनिक एकाइहरूको बृहत् चालका कारण गत केही दिनहरूमा रूस र युक्रेनबीच फेरि तनाव बढेको छ । हाल तपाईं युक्रेनमा हुनुहुन्छ भने तपाईंको उपस्थिति जरुरी छ कि छैन पक्का गर्नुहोस्। यदि जरूरी ठान्नुहुन्न भने केही समयको लागि यूक्रेनी भूगोल छोड्नुहोस् ।'

# भारतमा हिजाब विवाद बढ्दै




**काठमाडौं/एजेन्सी–** विदेशी धार्मिक स्वतन्त्रताको निगरानी गर्ने अमेरिकी सरकारको एक संस्थाले मुस्लिम छात्राहरुको हिजाब पहिरिन पाउनेसम्बन्धी विवादका विषयमा कर्नाटक सरकारको आलोचना गरेको छ ।

इन्टरनेशनल रिलिजियस फ्रिडम (आईआरएफ) का राजदूत रशद हुसैनले कर्नाटकमा छेडिएको विवादलाई लिएर समाजिक सञ्जालमा लेखेका छन्, 'विद्यालयमा हिजाब लगाउन रोकिनु धार्मिक स्वतन्त्रताको उल्लंघन हो ।' ट्वीटरमा उनले अगाडि लेखेका छन्, 'धार्मिक स्वतन्त्रतामा सबैलाई आफ्नो धार्मिक पोशाक छान्ने स्वतन्त्रता पनि समावेश छ। भारतको कर्नाटक राज्यले धार्मिक पोशाक तय गर्नु हुँदैन । स्कूलहरुमा हिजाबमाथि प्रतिबन्ध धार्मिक स्वतन्त्रताको उल्लंघन हो । यसले महिलाहरुलाई हँसियामाथि पार्नेछ ।'

कर्नाटकको उच्च अदालतले अन्तरिम आदेश जारी गरी अन्तिम निर्णय नआउँदासम्म विद्यालय र कलेजमा कुनै पनि किसिमको धार्मिक परिहन कसैले पनि लगाउन नपाउने जनाएको छ। अदालतले यो मुद्दामा सोमबार पुनः छलफल हुने बताएको छ। कर्नाटकको उडुपी जिल्लाको एक कलेजमा छात्राहरुलाई हिजाब पहिरिएर कक्षामा बस्न नदिएपछि विवाद सुरु भएको थियो । अहिले कर्नाटकको धेरैजसो क्षेत्रमा हिजाब प्रतिबन्ध लगाएको विषयमा विवाद भइसकेको छ । ६ जना छात्राले कर्नाटक उच्च अदालतमा मुद्दा दायर गरेका थिए, जसको सुनुवाइ जारी छ । यसैबीच कर्नाटकको शिक्षण संस्थामा हिजाब पहिरिन रोक लगाइएको विवादमा विभिन्न देशहरुबाट भएको ध्यानाकर्षण र अभिव्यक्ति भारतलाई स्वीकार्य नरहेको भारतले जनाएको छ ।

## गौमुखी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
पुजा, प्यूठान

### खानेपानी पाईप तथा ग्याविन जालि खरिदको शिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**सूचना खरिद नं: २/०७८/०७९**
**दोस्रो पटक सूचना प्रकाशित मिति :२०७८/११/०१**

यस गौमुखी गाउँपालिकाको चालु आ.व. २०७८/०७९ को वार्षिक स्विकृत कार्यक्रम अनुसार **खानेपानी पाईप तथा ग्याविन जालि खरिद** सामाग्रीहरु शिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त रजिष्टर्ड निर्माता, कम्पनी, फर्म वा सप्लायर्सहरुबाट देहायको शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्नु हुन आब्हान गरिएको छ ।

**शर्तहरु**

१) दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व. को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवम् आ.व. २०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु, मान्याता प्राप्त इजाजतपत्रको प्रमाणित प्रतिलिपि, प्रोपाइटर स्वयं उपस्थित हुन नसकेमा निजको आधिकारिक मन्जुरीनामा संलग्न राखी लिखित निवेदन पेश गरी रु १०००। राजश्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस गौमुखी गाउँपालिकाको राजश्व खाता नं. ४१४९५२४१२०७००४ वडा नं. ५ ठुलावेसी कार्यालय, प्यूठानवाट खरिद गर्न सकिनेछ। शिलबन्दी दरभाउपत्र पेश गर्ने ठेगाना www.bolpatra.gov.np/egp रहेको छ ।

२) खरिद गरिएको शिलवन्दी दरभाउपत्र फाराम, सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० वजेभित्र www.bolpatra.gov.np/egp मा पेश गरिसक्नुपर्नेछ । सो शिलवन्दी दरभाउपत्र खोल्ने अन्तिम दिन दिउसो २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता वा निजहरुको अख्तियारीनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको भोलिपल्ट सोही समयमा हुनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३) दरभाउपत्रकर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात शिलवन्दी दरभाउपत्र फाराम साथ पेश गर्नु पर्नेछ ।

४) शिलवन्दी दरभाउपत्र साथ जमानत वापत तपसिलमा उल्लेख गरे वमोजिमको जमानत रकम गौमुखी गाउँपालिकाको नाममा नेपाल एस.वि.आई वैंक लिमिटेड शाखा कार्यालय, ठुलावेसी, प्यूठानमा रहेको खाता नं. ४१४९५२४१२०७००२ मा दाखिला गरेको सक्कलै वैंक भौचर वा यस गौमुखी गाउँपालिकाको नाममा नेपाल राष्ट्र बैंक वाट मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकवाट जारी गरिएको दरभाउपत्र दाखिला हुने अन्तिम दिनवाट गणना हुने गरी ७५ दिन अवधि (Validity) रहेको सक्कल वैंक जमानतपत्र (Unconditional Bidbond) संलग्न गरी पेश गर्नुपर्ने छ ।

५) दररेट अक्षर र अंक दुवैमा लेख्नुपर्नेछ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । साथै पेन्सिलले लेखेको, टिपेक्स लगाई लेखेको ठाउँमा दायाँवायाँ हस्ताक्षर नगरेकोलाई मान्यता दिइने छैन ।

६) दरभाउपत्रदाताले सप्लाई गर्ने तार जाली तथा पाईप खरिद सामाग्रीहरु मान्यता प्राप्त कम्पनीको हुनुपर्नेछ ।

७) म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

८) पेश भएको दरभाउपत्र आंशिक रुपमा वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ । दरभाउपत्र सम्वन्धी अन्य कुराहरु बुझ्नु परेमा यस गौमुखी गाउँपालिकाको कार्यालयमा वुझ्न सकिने छ ।

९) दरभाउपत्र दाखिला गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको दरभाउपत्र फाराम खरिद गर्नुपर्नेछ र सोही फारामको प्रत्येक पानामा दरभाउपत्रदाताको फर्म वा कम्पनीको छाप र दस्तखत गरी पेश गर्नु पर्नेछ। एउटा फर्म वा कम्पनीले खरिद गरेको दरभाउपत्र फाराम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन यदि सो अनुसार भएको पाइएमा निजको दरभाउपत्र रद्ध गरिनेछ ।

१०) दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिनको हुनुपर्नेछ.।

११) आफूले सप्लाई गर्ने प्रत्येक **खानेपानी पाईप तथा ग्याविन जालि खरिद** सामाग्रीहरु उत्पादक कम्पनीको नाम स्पष्टसँग उल्लेख भएको हुनु पर्नेछ ।

१२) शिलबन्दी दरभाउपत्र सम्वन्धी सम्पूर्ण कुराहरु यसमा उल्लेख भएकोमा उल्लेख भए बमोजिम र यसमा नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य ऐन, नियमहरु बमोजिम हुनेछ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्रको दस्तुर | लागत अनुमान (मु.अ.क.बाहेक) | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १/०७८/०७९ | खानेपानी पाईप खरिद | १,०००।०० | रु. १७,६८,६६१।४५ | रु. ४५,०००।०० | |
| २ | २/०७८/०७९ | ग्याविन जाली खरिद कार्यक्रम | १,०००।०० | रु. १३,२६,५५३।६६ | रु. ३४,०००।०० | |

## Bhimsenthapa Rural Municipality
## Office of Rural Municipality Executive
Khanchok, Gorkha

### Invitation for Sealed Quotation

**Date of publication: February 13, 2022 (2078/11/01)**

1. Bhimsenthapa Rural Municipality invites for Sealed Quotation from eligible bidders for the following work

| Contract ID | Name of Project | Price of Bid Document | Bid Security Amount | Estimated Amount (With Vat for vatable items) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|
| BTRM/SQ/GOODS-03/078/79 | Procurement and Supply of Health Equipment and Drugs | NRs. 1,000.00 | NRs 35,000.00 | NRs. 12,49,771.00 | February 28, 2022 (2078/11/16) 12.00 hours | February 28, 2022 (2078/11/16) 13.00 hours |

2. Eligible Bidders may obtain further information from the office of Bhimsenthapa Rural Municipality during office hours or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Administrative officer**


## SAUDI र UAE मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : JAY CO. LTD — शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/१०/२७ — चलानी नं.: ६०१७४२८१ — LT. No.: 257729

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 70 | 0 | स. काममा दक्ष | 1000 | ३१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : TECHNICAL & TRADING HOUSEHOLD APPLIANCES (BR OF TECHNICAL & TRADING L.L.C.) — शहर : UAE
पूर्व स्वीकृत मितिः २०७८/१०/२८ — चलानी नं.: ६०१७४३६५ — LT. No.: 257920

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Female | 0 | 9 | सम्बन्धित काममा दक्ष | 900 | २९,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | cleaner Male | 2 | 0 | | 800 | २६,०४८ | | | | | | | |

३. कम्पनी : SAFA EXPRESS SUPER MARKET - SOLE PROPRIETORSHIP L.L.C. - BRANCH — शहर : UAE
पूर्व स्वीकृत मितिः २०७८/१०/२८ — चलानी नं.: ६०१७४३६४ — LT. No.: 257919

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 10 | सम्बन्धित काममा दक्ष | *00 | २६,०४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Porter | 10 | 0 | | 800 | २६,०४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ फागुन ८ गते (20 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE



## OMAN मा रोजगार
कम्पनीको नाम : Al Muharrami International LLC
पूर्व स्वीकृती मिति: [illegible] — चलानी नं.: [illegible] — LT No.: 257860

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Room Service Supervisor | 02 | [illegible] | 250 | ७७,९०९।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | छ | [illegible] |
| २. | Chambermaid | 02 | | 150 | ४६,७४६।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०७८ फागुन ८ गते (20 Feb. 2022) यस प्रा. लि. को कार्यलय मिनभवन, काठमाडौमा हुनेछ ।

[illegible]

गण्डकी ओभरसिज कन्सर्न प्रा. लि.
मिनभवन, काठमाण्डौं, फोन.: ०१-४४९५७४९



## KUWAIT मा रोजगार
१. कम्पनी : AL-RUWAD ENVIRONMENTAL SERVICES CENTER — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७८/१०/२८ — चलानी नं.: ६०१७४३२१ — L.T. No.: 257888

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Indoor Cleaner | 80 | 0 | स. काममा दक्ष | 85 | ३३,६३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : DOLCE BELLO SWEETS & PASTRIES CO. — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७८/१०/२८ — चलानी नं.: ६०१७४३२० — L.T. No.:257887

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 8 | 8 | स. काममा दक्ष | 100 | ३९,५६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ फागुन ७ गते (19 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ईभ नेपाल ओभरसिज प्रा.लि.
श्रम ईजाजत नं. १०१३/०६८/६९
शान्तिनगर, काठमाडौं, फोन नं. ४१०७५२०, ४६२२४२६, फ्याक्स:: ४६२२४३६



## साउदीमा रोजगार
कम्पनी : ASIA SWEET EST FOR SWEET AND NUTS — शहर: GASSIM
पूर्व स्वीकृत मितिः २०७८/१०/२७ — चलानी नं.: ६०१७४३७१ — L.T. No.: 257787

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ फागुन ८ गते (20 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Fast Employment Service (P.) Ltd.
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
१ फागुन २०७८, आइतबार
13 February 2022, Sunday

# बक्स अफिस समाचार

# 'त्यो बेला गीटार बजाउन जान्ने त हिरो नै हो'



समिर हमाल
संगीतकर्मी

गायक, संगीतकार, एरेन्जर, इभेन्ट अरगानाइजर तथा बहुप्रतिभाका धनी हुन् समिर हमाल । मेसेन्जर ब्याण्डबाट आफ्नो सांगीतिक यात्राको थालनी गरेका हमालले लगभग यो क्षेत्रमा दुई दशकभन्दा लामो निरन्तर यात्रा तय गरिसकेका छन् । सन् १९९६ देखि सांगीतिक क्षेत्रमा पाइला टेकेका उनले त्यसपछि पछाडि फर्केर हेर्नु परेको छैन । आधा दर्जन एल्बम र थुप्रै चर्चित गीत बजारमा ल्याइसकेका उनले पछिल्लो समय भाइरल बाबा अभिनित गीत 'माया माया'बाट 'जीवन्त नेपाल म्युजिक अवार्ड-०७८' को सर्वोत्कृष्ट गायकको अवार्ड पनि हात परेका थिए भने थाइल्याण्ड र सिंगापुरको सिमाना आयोजित 'म्युजिक भिडियो अवार्ड-२०१८' मा उनले सर्वोत्कृष्ट पपगायक, दोश्रो ओएस नेपालबाट बेस्ट पप गायक, चौथो क्यापिटल अवार्डमा बेस्ट पप गीत विधाबाट अवार्डहरु हात पारिसकेका छन् । उनी फ्युजन संगीत रुचाउँछन् । केही समयअघि बजारमा ल्याएको फ्युजन एल्बमले राम्रो चर्चा पाएपछि अझै जोश जांगर आएको बताउने संगीतकर्मी **समिर हमाल**ले **मध्यान्ह दैनिक**का लागि **सुमन कुमार श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :

**सांगीतिक यात्रा शुरु कहिलेबाट गर्नुभयो ?**

कक्षा ९, १० मा पढ्दादेखि नै साथीभाइसँग ब्याण्ड खोलेर अनौपचारिक सांगीतिक यात्रा शुरु गरेको हो । त्यो पछि मेसेन्जर ब्याण्ड स्थापना भयो त्यसपछि अफिसियलरुपमा ब्याण्डको एल्बम सार्वजनिक गरिसकेपछि शुरु भएको हो ।

**कसरी यो क्षेत्रमा प्रवेश गर्नुभयो ?**

९ कक्षा पढ्दादेखि नै संगीत सिक्थें । आफ्ना अग्रज दाइहरु अली जान्ने साथीभाइहरुसँग सिक्थें । त्यो बेला अहिलेको जस्तो म्युजिक इनष्टिट्युटहरु वा ट्रेनिङ सेन्टर पनि थिएन । अहिले जस्तो युट्युब इन्टरनेट अनि अरु सिक्ने माध्यम पनि थिएन । अनि जसजसलाई गीटार बजाउन र संगीत सम्बन्धी ज्ञान थियो, उहाँहरुसँगै गएर सिक्थें । त्यो बेला संगीत सिक्नुको मज्जा बेग्लै थियो । गीटार बजाउन आउने त हिरो नै हो नि त्यो बेला ।

**शुरु शुरुमा यो क्षेत्रमा आउादा के कस्ता अप्ठ्याराहरु आए वा सजिलै भयो ?**

धेरै अप्ठ्यारो थियो । एक त घरबाट फुलसपोर्ट थिएन । गीत गाउने बजाउनेलाई गाइने भनेर हेप्थे । कमैलेमात्र संगीत बुझ्थे । तर साथीभाइहरुसँग मिलेर संगीत सिक्ने, देउसी भैलो खेल्ने अनी जम्मा भाएको पैसाले एम्प, म्युजिक सिक्न इन्स्ट्रुमेन्टहरु किन्ने गरिन्थ्यो ।

**अहिलेसम्म कति वटा एल्बम तथा गीतहरु निकालिसक्नु भयो ?**

अहिलेसम्म ब्याण्डबाट ५ वटा एल्बम, मेरो एउटा सोलो एल्बम र कालेक्सन एल्बम र थुप्रै गीतहरु निकालिसकें, यति नै भनेर गन्न चाहिँ पाएको छैन ।

**पहिले र अहिलेको संगीत क्षेत्रमा के कस्तो भिन्नता पाउनुभयो ?**

पहिले र अहिलेको संगीत क्षेत्र धेरै फरक भइसक्यो । हामी पप विधाको भएको भएर हाम्रो लिस्नरहरु तथा श्रोताहरु निकै कम र सीमित मात्रामा हुनुहुन्थ्यो । मुख्य मुख्य शहरका युवा पुस्ताहरुले हाम्रो विधाको गीतहरुलाई मनपराइदिएर माया गर्नुहुन्थ्यो । त्यो बेलामा हामीले नाम र दाम दुबै यही संगीतबाट कमाउँथ्यौं, तर अहिले एकदमै कम्पिटिसनको मार्केट छ, झन् युट्युब आइसकेपछि त कता कता हाम्रो कमाइमा नै ठाडै असर गरेको छ । पहिला पहिला एल्बम बचेको पैसाबाट आएको रोयाल्टीबाट नै केही आम्दानी हुन्थ्यो । अहिले यति नै आम्दानी हुन्छ भन्ने यकिन गर्न गाह्रै छ । सायद अहिलेको मार्केट डिजिटलाइज भएर होला ।

**इन्भेन्टहरु आयोजना गर्नुहुँदो रहेछ, के कस्तो इभेन्ट गर्नु हुन्छ ?**

